# संघीय संसद
# राष्ट्रिय सभा
# सोह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २८ वैशाख २०८१
# शुक्रबार
# बैठक सङ्ख्या- १

राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको पहिलो बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १४:०० बजे प्रारम्भ भयो।

**(१४:०४ बजे)** **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, सभाको सोह्रौं अधिवेशनको पहिलो बैठकमा उपस्थित सम्पूर्ण माननीय सदस्यहरूलाई सभाको तर्फबाट म हार्दिक स्वागत गर्न चाहन्छु। साथै राष्ट्रिय सभा सदस्यको रिक्त पदमा संवैधानिक व्यवस्थाबमोजिम मनोनीत माननीय सदस्य डा. अन्जान शाक्यलाई सभाको तर्फबाट हार्दिक स्वागत गर्दछु।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वानसम्बन्धी पत्र प्राप्त हुन आएको छ। अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

सम्माननीय अध्यक्ष,
राष्ट्रिय सभा,
सिंहदरवार, काठमाडौं।

नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०८१ साल वैशाख २८ गते शुक्रबारका दिन १४:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ वानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छ।

रामचन्द्र पौडेल
राष्ट्रपति
२०८१ वैशाख २०

माननीय सदस्यहरू, अब लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौनधारण गरौं।

(मौनधारण)।

माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्र र दुवै सदनको संयुक्त बैठकलाई हुने सम्बोधनका लागि उपस्थिति आह्वानसम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन्। अब म, उक्त पत्रहरूको बेहोरा जानकारी गराउँछु।

**क. विषयः विधेयक प्रमाणीकरण गरी पठाइएको।**

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको विधेयकको प्रमाणीकृत प्रति थान एक यसैसाथ संलग्न राखी पठाइएको बेहोरा अनुरोध गर्दछु।

| विधेयकको नाम | प्रमाणीकरण मिति |
| --- | --- |
| खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | २०८१/०१/२३ |

(डिल्ली राम शर्मा)
सचिव
२०८१ वैशाख २३

**ख.** "सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा ९५ बमोजिम सम्वत् २०८१ साल जेठ १ गते मङ्गलबारका दिन १५:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन हुने र त्यसका लागि सदस्यको उपस्थिति आह्वान गर्नुभएको बेहोरा अनुरोध गर्दछु।

(डिल्ली राम शर्मा)
सचिव
२०८१ वैशाख २८

माननीय सदस्यहरू, नेपालको संवैधानिक व्यवस्था वमोजिम संघीय शासन प्रणालीलाई तीनै तहका निर्वाचित संस्थाहरूमार्फत कार्यान्वयन गर्ने अभ्यास २०७४ देखि हुँदै आइरहेको छ। यस अनुरूप संघीय तहमा २०७४ फागुन २१ गतेदेखि प्रारम्भ भएको संघीय संसदअन्तर्गतको यस सभाको पहिलो अधिवेशन हुँदै आज हामी सोह्रौं अधिवेशनको प्रारम्भसम्म आइपुगेका छौं। यो सभा स्थायी सभा भएकाले प्रत्येक दुई वर्षमा एक तिहाई सदस्यको पद रिक्त हुने र उत्तिकै सङ्ख्यामा निर्वाचन हुने संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न प्रत्येक दुई वर्षमा एक तिहाई सदस्यको विदाई र एक तिहाई सदस्यको आगमन हुने अभ्यास अनुरूप यो वर्ष चौथो पटक निर्वाचन सम्पन्न भई नवनिर्वाचित सदस्यहरूको आगमनसँगै सभाले गति लिन थालिसकेको छ। सभाको पहिलो अधिवेशनदेखि यस अधिवेशनसम्म आइपुग्दा सभाका केही सम्झनलायक कार्यहरू पनि भएका छन्। तोकिएकै समयमा बैठक सुरु गर्ने, साझा सहमतिको आधारमा बैठक सञ्चालन गर्ने, सभामा दर्ता हुने संसदीय प्रस्तावहरू संभव भएसम्म सर्वदलीय अपनत्व हुनेगरी दर्ता गर्ने र सर्वसम्मत रूपमा सभाबाट स्वीकृत गर्ने, ऐन कार्यान्वयन मापनको अभ्यास, प्रत्यायोजित विधायनको सीमा निर्धारण, समितिका प्रतिवेदनमाथि सभामा छलफल गर्ने, सम्पूर्ण विवरणलाई भए सोही दिन नत्र भोलिपल्टसम्म वेवसाइट मार्फत् प्रकाशन गर्ने, व्यक्तिगत भर्वेटिमका अलग अलग पुस्तक तयार गरी उपलब्ध गराउने, पन्ध्रौं अधिवेशन अन्ततिरबाट प्रादेशिक सरोकार समयको सुरुवात भएको म जानकारी गराउन चाहन्छु।

त्यसैगरी संघीयता कार्यान्वयनसम्बन्धी विशेष समितिले दिएका सिफारिस क्रमशः कार्यान्वयन भइरहेको, दलितका अधिकार, अपाङ्गका अधिकार, यौनजन्य अपराध विरुद्धको उजुरीसम्बन्धी हदम्याद लगायतका संसदीय प्रस्तावहरू माथि छलफल गरी निर्देशन दिइएको छ। सभा सञ्चालन गर्न आवश्यक कतिपय नीतिगत र प्राविधिक विषयमा आवश्यक सुधार हुँदै जाने क्रम चलेको सर्वविदितै छ। यी सबै हाम्रा साझा सम्पत्ति हुन् र हामी सबैको सिङ्गो प्रयासबाट मात्र संभव भएका हुन्। यी विषयको निरन्तरताका लागि सबैको साथ, सहयोग र प्रयास रहने नै छ भन्ने अपेक्षा गरेको छु।

माननीय सदस्यहरू, सभाको पन्ध्रौं अधिवेशनबाट सभाको गतिविधिलाई व्यवस्थित बनाउन कार्यतालिका निर्माण गरी लागु गर्ने अभ्यासको थालनी भएको छ। यो अभ्यासलाई निरन्तरता दिँदै संस्थागत गर्नु आवश्यक छ। सभाका बैठक कार्यतालिकाबद्ध रूपमा सञ्चालन गर्न विशेषतः सरकारको सहयोगको आवश्यकता हुन्छ। कुन मितिमा अधिवेशन आव्हान हुने र कुन मितिमा अन्त्य हुने भन्ने कुरा पूर्वनिश्चित गरिनु कार्यतालिकाको पूर्वशर्त हो। हाल विजनेस उपलब्ध भएसम्म केही लामो नत्र पाक्षिक कार्यतालिका निर्माण गर्दै आएका छौं। अबका दिनमा संभव

भएसम्म अधिवेशन अवधिभरको कार्यतालिका निर्माण गर्नु आवश्यक छ। सरकारको तर्फबाट संसदमा पेश गर्ने विधेयकहरू निक्यौंल गरी अधिवेशन प्रारम्भ हुनु अगावै संसदमा दर्ता गर्ने हो भने अधिवेशन अवधिभरको कार्यतालिकालाई मूर्त रूप प्रदान गर्न सहज हुने देखिन्छ। यसबाट सभाका गतिविधिहरूलाई थप व्यवस्थित र पूर्वानुमानयोग्य बनाउन संभव हुन्छ। यस कार्यमा सबैको साथ र सहयोग रहने नै छ।

माननीय सदस्यहरू, सभाको अघिल्लो अधिवेशनमा हामीले सभाको नियमावलीलाई पुनरावलोकन गरी दोस्रो संशोधन गरेका छौं। नियमावलीले प्रबन्ध गरेका विषयहरूको पूर्णतः कार्यान्वयन हुन सके सभाको रुपान्तरण निश्चित छ। यसले संसदीय मर्यादा उच्च बनाउनुका साथै सुशासनको प्रत्याभूतिमा केही न केही योगदान पुर्‍याउने निश्चित छ। नियमावलीको कार्यान्वयन सभा एक्लैले चाहेर पनि हुँदैन। यसतर्फ सरकारको ध्यान जाने नै छ भन्ने विश्वास लिएको छु। नियमावलीले सदस्यको भूमिकालाई पनि बढाएको छ। सदस्यले आफ्नो भूमिकालाई बढावा दिन र यसको गरिमालाई सम्मान गर्न सदस्यहरूको केही दायित्व पनि नियमावलीले निर्दिष्ट गरेको छ। यसतर्फ माननीय सदस्यहरूको पर्याप्त ध्यान केन्द्रित भएको मैले महसुस गरेको छु।

माननीय सदस्यहरू, सभाको पन्ध्रौं अधिवेशन अवधिमा दुवै सभाबाट ३ वटा विधेयक पारित भएका थिए।यी मध्ये दुई वटा विधेयक यसै सभामा उत्पत्ति भएका थिए। यस सभामा दर्ता भएका हालसम्मका ५९ विधेयक मध्ये ३० वटा विधेयक प्रमाणीकरण भइसकेका छन्। २ वटा विधेयक सभा अन्तर्गत विचाराधीन रहेका छन् भने १० वटा विधेयक राष्ट्रिय सभाले पारित गरी प्रतिनिधि सभामा पठाइएका छन्। प्रतिनिधि सभाबाट उक्त विधेयकहरू फिर्ता भई यसै अधिवेशन अवधिमा प्रमाणीकरण हुने आशा गरिएको छ।

माननीय सदस्यहरू, विगतका अधिवेशनहरूमा माननीय सदस्यहरूले विभिन्न महत्त्वपूर्ण विषयमा संसदीय प्रस्तावहरू दर्ता गरी जनताका चासोका विषयलाई उजागर गर्दै सरकारलाई उत्तरदायी बनाउन खेल्नु भएको भूमिका अहं छ। यस्ता कतिपय प्रस्तावहरूका कारण कानुनमा परिमार्जन, सरकारका कामकारवाहीमा सुधार र गतिविधिहरू व्यवस्थित भएका दृष्टान्तहरू छन्। यो अधिवेशनमा पनि माननीय सदस्यहरूले यस्ता संसदीय प्रस्तावहरूमार्फत आम जनताका सरोकारका विषयहरू संवोधन गर्ने गराउने प्रयास हुनेछ भन्ने मैले विश्वास लिएको छु।

माननीय सदस्यहरूले जनसरोकारका विषयमा शून्य समय, विशेष समय, प्रादेशिक सरोकार समय वा आकस्मिक समयमा उठाउने विषयहरू अझ जनकेन्द्रित हुने र आम

जनचासोका विषयमा केन्द्रित हुने कुराप्रति विश्वस्त छु। माननीय सस्यहरूले उठाएका सार्वजनिक महत्त्वका विषयप्रति सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गराउँदै राष्ट्रिय सभा नियमावलीको व्यवस्थावमोजिम सम्बन्धित मन्त्रीले सभामा जवाफ दिने कुराप्रति सभाध्यक्षबाट विशेष पहल हुने कुरामा माननीय सदस्यहरूलाई विश्वास दिलाउँछु। साथै यस सन्दर्भमा म सरकारका सम्बन्धित मन्त्रीहरूलाई सभामा उठेका विषयहरूप्रतिको उत्तरदायित्व वहन गर्न विशेष ध्यानाकर्षण समेत गराउछु।

माननीय सदस्यहरू, नेपालमा २०४८ सालदेखि संसदीय अभ्यासको यो यस अवधिसम्म आइपुग्दा गैरसरकारी विधेयकको इतिहासमा हालसम्म ३ वटा गैरसरकारी विधेयक ऐन बनेको इतिहास छ। यी तीनवटै विधेयक राष्ट्रिय सभामै उत्पत्ति भएर ऐन बनेका हुन्। यस सभाले लामो समयको अन्तरालमा चौधौं अधिवेशनमा सर्वसम्मत रूपमा एउटा थप गैरसरकारी विधेयक पारित गरी प्रतिनिधि सभामा पठाएको छ। यो विधेयक पनि छिट्टै फिर्ता हुने अपेक्षा गर्दै माननीय सदस्यहरूबाट गैरसरकारी विधेयकको इतिहासमा सभाको यो छविलाई कायम राख्न यस अधिवेशनमा पनि गैरसरकारी विधेयकसम्बन्धी भूमिका रहनेछ भन्ने अपेक्षा गरेको छु।

माननीय सदस्यहरू, हिजोका दिनमा भएका कमी कमजोरीहरूबाट पाठ सिकेर हाम्रो अभ्यासहरूमा अझ परिष्कृत गर्दै आगामी कार्यदिशा तय गर्नु आवश्यक छ। विगतमा हामीले स्थापना गरेका मानकहरूलाई संस्थागत गर्दै नेपालको संविधानको मर्म र भावना अनुरूप राष्ट्रिय सभाप्रतिको जनअपेक्षालाई अझ उच्च तहमा पुर्‍याउन सबै तहबाट अहं भूमिका हुने आशा, भरोसा र विश्वास लिएको छु।

यो अधिवेशन बजेट अधिवेशन पनि भएकोले देश र जनताको आवश्यकता र अपेक्षालाई सरकारको नीति तथा कार्यक्रम, आय र व्ययको वार्षिक अनुमान तथा विनियोजन विधेयकमार्फत पूरा गर्ने माध्यमको रूपमा यसलाई लिइन्छ। आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमाथि छलफल गर्दा माननीय सदस्यहरूबाट वस्तुनिष्ठ, मुलुकको वर्तमान आवश्यकतामा आधारित र नतिजामुखी हुने दिशामा केन्द्रित भई रचनात्मक रूपमा छलफलमा भाग लिनुहुनेछ भन्ने अपेक्षा रहेको छ। त्यसैगरी यस अधिवेशनमा प्राथमिकताका साथ विधेयकहरू सभामा प्रस्तुत हुने र नागरिकका आवश्यकता र समस्या सम्बोधन गर्ने गरी ती विधेयकहरूमाथि गहन छलफल गरी पारित हुने छन् भन्ने मेरो विश्वास रहेको छ। देशको समग्र विकासलाई सरकारको नीति र विधिमार्फत निर्देशित गरी जनताको जीवनस्तर उकास्न र माननीय सदस्यहरूले खेल्ने भूमिका अहं

हुन्छ। यस कार्यमा माननीय सदस्यहरूको सभामा गरिमामय भूमिकाको लागि हार्दिक अपिल गर्दछु।

अन्तमा, सभाको प्रभावकारी सञ्चालनमा सबैको साथ र सहयोग हुने अपेक्षा गर्दै यो अधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको चालु सोह्रौं अधिवेशन प्रारम्भको सन्दर्भमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट आफ्नो मन्तव्य राख्नका लागि नाम प्राप्त भएको छ। अब म माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु।सर्वप्रथम माननीय सदस्य देवेन्द्र दाहाल।

**(१४:१८ बजे)** **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** सम्माननीय अध्यक्ष महोदय, आज हामी विधेयक अधिवेशन समाप्त भएको २६ दिनपछि हामी यो बजेट अधिवेशनमा उपस्थित भएका छौं र सर्वप्रथम त म यो अधिवेशनको पूर्ण सफलताको कामना गर्न चाहन्छु। सबै माननीयज्यूहरूलाई फेरि पनि म यो अधिवेशनको सफलताको लागि हामी सबैको सकारात्मक भूमिका हुनेछ भन्ने माननीयज्यूहरूबाट अपेक्षा गर्दछु। म आफ्नो दलको तर्फबाट सत्ता पक्षको नेता भएको कारणले गर्दाखेरि सत्तापक्षकै तर्फबाट पनि म सबै माननीयज्यूहरूलाई फेरि पनि शुभकामना दिन चाहन्छु। यसबीचमा थुप्रै प्राकृतिक प्रकोपहरू भए। त्यसमध्ये देशका विभिन्न स्थानहरूमा भयावह रूपमा वन डढेलोले जनतालाई आक्रान्त बनाएको छ। र यो रेकर्डमा भन्ने हो भने ५३ जिल्लाभन्दा बढी जिल्लाहरूमा फैलिएको र ४३६ स्थानमा चाहिँ वन डढेलो लागेको समाचार आएको छ। र एक किसिमले भन्ने हो भने यो देशै डढेलो लाग्यो। यो निकै गम्भीर विषय हो। यो के भयो यसको बारेमा सरकारले छानबिन गर्ने नै छ। यो प्राकृतिक रूपले अप्रत्याशित लागेको हो वा कुनै सुनियोजित ढङ्गले यस्तो भएको यो निकै दुःखदायी विषय छ। र यो वन डढेलोबाट सुरक्षाकर्मी सहित झण्डै दुई दर्जन व्यक्तिहरूको मृत्यु भएको छ। हजारौं पशु चौपायाको मृत्यु भएको छ। अरबौंको नोक्सानी भएको छ, हजारौंलाई घरबारविहीन बनाएको छ। यसबाट वातावरणमा पारेको प्रभाव त झन् भयावह छ। विभिन्न स्थानहरूमा सवारी दुर्घटनाहरूबाट जनताको मृत्यु भएको छ। साथै घाइते बनाइएको छ, यस बीचमा हुनुभएको छ। उपरोक्त विभिन्न प्राकृतिक प्रकोप र दुर्घटनाबाट ज्यान गुमाउने मृतकहरूप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्न चाहन्छु सर्वप्रथम त। साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। र पीडितहरूको स्वास्थ्य लाभको कामना गर्दै घाइतेको उपचार, राहत र आवासको व्यवस्थाको लागि सरकारसँग जोडदार माग गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, यो अधिवेशनका केही जिम्मेवारीहरू मैले देखेको छु। यो बजेट अधिवेशन भएकोले नेपाल सरकारले प्रस्तुत गर्ने नीति तथा कार्यक्रम र त्यसमा नीति तथा कार्यक्रममा आधारित बजेट उपर छलफल गरी पारित गर्ने यसको प्रमुख दायित्व हुनेछ। यो विषय यो अधिवेशनको महत्त्वपूर्ण पक्षको रूपमा रहनेछ। मैले थोरै यो बजेट अधिवेशन भएको हुँदाखेरि केही ट्रेन्डहरूको बारेमा पनि चर्चा गर्न गइरहेको छु। यसपटक बजेटको प्राथमिकता र सिद्धान्तको बारेमा, यो pre-budget बारेमा चाहिँ यो छलफल भइसकेको छ। यस बारेमा यो सरकारको अलि प्रष्ट विचार नल्याए जस्तो महसुस गरेको छु। पहिलेको गठबन्धन सरकारले ल्याएको बजेटको सिद्धान्त र प्राथमिकतामाथि नै हामीले छलफल गरेका छौं। त्यस बारेमा यो सरकारको धारणा के हो? त्यही पुरानोलाई ग्रहण गरेको हो वा नयाँ प्राथमिकता निर्धारण गरेको छ प्रष्ट हुनुपर्यो भन्ने म यस सदनसमक्ष माग गर्न चाहन्छु। आफ्नो दलको तर्फबाट र म सत्तापक्षकै भएको कारणले पनि फेरि मैले यसलाई ध्यानाकर्षण गर्न चाहन्छु। त्यही पुरानोलाई ग्रहण गरेको हो वा प्राथमिकता त्यसैलाई निर्धारण गरेको हो भने पनि त प्रष्ट त हुनुपर्यो अथवा नयाँ प्राथमिकता के हुन् भनेर यो विषय बेवारिसे भएको छ।

अर्को कुरा सरकारको नीति कार्यक्रममा होस् वा बजेटको सिद्धान्त र प्राथमिकता होस् वा बजेटको सम्बन्धमा होस् माननीय सदस्यहरूलाई छलफल गर्न दिने अनि कुनै पनि कुरामा कमा, फुल स्टप पनि संशोधन नहुने परिपाटीको यस अधिवेशनबाट अन्त्य हुनुपर्छ भन्ने मलाई लागेको छ। के त्यसको लागि हामीले कुनै कानुनी प्रबन्धमा सुधार गर्नुपर्ने हो वा परम्परालाई धान्ने विषय मात्र हो? त्यसमा हामी प्रष्ट हुनुपर्छ। हुन त बजेटको बारेमा हामी छुट्टै छलफल गर्नेछौं। तर मैले आजको यो प्रारम्भमा किन कुरा उठाएको भने यस विषयमा सरकारको ध्यान जानुपर्छ भनेर यो विषय उठाएको अर्को कुरो स्थानीय तहलाई दिँदै आएको समानीकरण अनुदान कटौतीले अहिले स्थानीय तहमा ठुलो आर्थिक सङ्कट ल्याएको छ। संविधानको धारा ६० (४) मा सरकारले स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान उपलब्ध गराउनुपर्नेछ भनिएको छ संविधानतः, यो कटौती गर्न नमिल्ने विषय यस कारणले छ। यो अनुदान कटौतीले स्थानीय को आगामी दुई तीन वर्षसम्मको लागि भुक्तानी दायित्व थपेको छ। त्यसको कारणले स्थानीय तहहरूको विकासको गति अवरुद्ध भएको छ। सम्पन्न भइसकेका योजनाहरूको भुक्तानी रोकिँदा र योजनाहरू अधुरा रहँदा उपभोक्ताहरू, ठेकेदारहरू, ज्याला नपाएका र मजदुरहरू समस्यामा परेका छन्। त्यसैले म सरकारसँग स्थानीय तहमा पठाइने कुनै पनि अनुदानहरू कटौती नगर्नको लागि अनुरोध गर्न चाहन्छु। बजेट

ल्याइरहँदाखेरि मैले प्री ध्यानाकर्षण किन गराएको भनेदेखि बजेट ल्याइरहँदाखेरि यी विषयमा ध्यान दिनु आवश्यक छ।

पहिलो विषय बजेटको बारेमा मैले उठाएँ। र विधेयक अधिवेशन भनिए पनि गत अधिवेशनले जम्मा तीनवटा विधेयक मात्रै पारित गरेको छन्। सम्पत्ति शुद्धिकरण, अनुगमन मूल्याङ्कन र खाद्य स्वच्छतासम्बन्धी तीनवटा विधेयक मात्रै पारित गरेको छ। सुरक्षित कारोबारसम्बन्धी विधेयक हाम्रो विधायन व्यवस्थापन समितिमा छलफल गरी प्रतिवेदन तयारी भएको छ। यसबारेमा मलाई के लाग्छ भने राज्यको खर्च जुन अधिवेशनमा भयो त्यसको आधारमा भन्ने हो भने यो अत्यन्त न्यून सङ्ख्या भन्न सकिन्छ। विधेयक अधिवेशन भनेर जम्मा राष्ट्रिय सभाले तीनटा मात्रै विधेयकहरू पारित गर्नु यो दुःखदायी कुरा हो। अब फेरि हामीसँग धेरै महत्त्वपूर्ण विधेयकहरू छन्। यो बजेट अधिवेशन भएपनि हामीले विधेयकमा केन्द्रित भएर छलफल गर्नुपर्ने भएको छ। र यो अधिवेशनको त्यो पनि दायित्व रहेको छ। सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग ऐन, २०७१ लगायतकालाई संशोधन गर्नुपर्ने कामहरू ज्वलन्त रूपले बाँकी रहेको छ। कानुन निर्माणको सन्दर्भमा प्रतिनिधि सभामा यस सभाबाट पठाइएका मैले ११ वटा भन्ने सुनेको थिएँ, १० वटा भन्नुभयो सम्माननीयज्यूले यहाँ। १० वटा विधेयकहरू प्रतिनिधिसभाका विभिन्न समितिमा रहेका छन्। ती विधेयकहरू यस सभामा छिट्टै फिर्ता आउनु आवश्यक छ। यस सभाबाट सबै दलको सर्वसम्मतिमा पठाएको राष्ट्रिय मर्यादा सम्बन्धमा बनेको एउटा विधेयक एउटा मात्रै भनेर सम्माननीयज्यूले हामीलाई भन्नुभयो। यहाँ ध्यानाकर्षण त उहाँले गराउनुभयो। तर त्यो विधेयक कुन थियो भने यो सर्वसम्मतिले पठाएको राष्ट्रिय मर्यादासम्बन्धी जुन विधेयक थियो त्यो विधेयकको सन्दर्भमा चाहिँ सैद्धान्तिक छलफलमा समेत लगेको छैन प्रतिनिधिसभाले र यो विधेयकलाई यसै तुहाउने हो कि हामीलाई त्यो आशङ्का लागेको छ राष्ट्रिय सभाको सर्वसम्मतिले सबै दलको पहलमा पठाइएको विधेयकलाई त्यसरी गर्न मिल्दैन र अभिलम्ब यसको बारेमा छलफल प्रारम्भ गरियोस्। बरु त्यस विधेयकमा भएका केही समस्याहरू छन् अथवा मिलाउनुपर्ने कुराहरू छन् त भने त उहाँहरूको अधिकारको कुरा हो त्यो। उहाँहरूले गर्न सक्नुहुन्छ कोही तल माथि त्यो मर्यादामा तलमाथि परेको अवस्था भएदेखि त उहाँहरूले आफूले त्यो संशोधन गर्ने अधिकार त छँदै छ। तर त्यसलाई यसरी स्थगित राख्न चाहि मिल्दैन। त्यसकारण तुरुन्तै छलफलमा ल्याएर पारित गरेर त्यो पनि सभामा पठाउनुपर्यो भन्ने म भन्न चाहन्छु।

दोस्रो कुरो यो विधेयक सम्बन्धमा मैले उठाएँ। तेस्रो कुरो भर्खरै मात्र लगानी सम्मेलन भएको छ यो लगानी नेपालको विकास र रुपान्तरणको लागि अत्यन्त महत्त्वपूर्ण रहेको छ उक्त लगानी सम्मेलनमा सत्तापक्ष र प्रतिपक्षका नेताहरूले लगानीमैत्री वातावरण बनाउने र लगानी भित्र्याउने प्रतिबद्धता पनि जनाउनुभएको छ। यो अत्यन्त सकारात्मक कुरा हो। यो लगानी सम्मेलन गर्न सफल भएकोमा सरकारलाई बधाई दिन चाहन्छु। र यस सम्मेलन मार्फत प्रतिबद्धता जनाइएका आयोजनाहरूमा लगानी भित्र्याउन सफल हुनेछ भन्ने विश्वासका साथ शुभकामना पनि दिन चाहन्छु। लगानी मैत्री वातावरण बनाउनका लागि पनि थुप्रै कानुन अध्यादेशमार्फत संशोधन भएका छन्। संवैधानिक व्यवस्थाअनुसार निश्चित समयमा यसलाई पनि यही संसदमार्फत पारित गर्नै पर्छ। यो जिम्मेवारी पनि यो संसदको रहेको छ।

विभिन्न जनसरोकारका विषयहरू चौथो कुरा, विभिन्न जनसरोकारका विषयहरू संविधानको कार्यान्वयनको लागि गर्नुपर्ने कामहरू लगायतका हाम्रो चासो रहनेछ। र सरकारलाई झक्झक्याउने काम पनि यो सदनले, यो सभाले गर्ने छ। पाँचौं नम्बरमा राष्ट्रिय सभाको नयाँ नियमावली जारी भएको छ। उक्त नियमावलीको कार्यान्वयन गर्ने सन्दर्भमा पनि धेरै काम गर्नुपर्नेछ। प्रधानमन्त्रीसँग प्रश्नोत्तर जनसरोकारका विषयमा प्रदेश समय र विशेष समय लगायतका जनताका आवाज उठाउनुपर्ने हाम्रो दायित्व पनि छँदै छ। र छैठौं नम्बरमा सहकारी पीडितका समस्या, मिटर ब्याजी पीडितका समस्या, भूकम्प पीडितका समस्या, माथि भने चाहि आगलागी पीडितका समस्याहरू छदैछन्। तिनीहरूको बारेमा पनि हामीले खवरदारी गर्नुपर्ने काम छदैछ।

र म एउटा विषय अलिकति उठाउन मन लागेको छ। त्यो भनेको के हो भने डा. महाविर पुनले अगाडि सारेको राष्ट्रिय आविष्कार केन्द्रको बारेमा छोटो यहाँ भनाइ राख्न चाहन्छु। महाविर पुनसँग सरकारले के सम्झौता गरेको थियो? मैले सुनेको कुरा देशको मूल विकास बजेटको एक प्रतिशत रकम वैज्ञानिक अनुसन्धान लगाइने भनेर सम्झौता गरेको रे भन्ने सुनेको छु। एउटा देशको वैज्ञानिकसँग राज्यले सम्झौता गरेको भए किन त्यसलाई कार्यान्वयन नगरेको? त्यसलाई किन बिर्सिएको होला? यतिबेला महावीर पुन आफ्नो जीवन कथामा आधारित सम्झना सपना र अविरल यात्रा नामको पुस्तक बेचेर राष्ट्रिय आविष्कार केन्द्र चलाउँछु भनिरहनु भएको छ भन्ने सुनेको छु। उहाँ आफै हकर जस्तो भएर पुस्तक बेचिरहनु भएको छ। यो कुनै पनि स्वाभिमानी नेपाली र मुलुकका लागि लजास्पद विषय होइन र ? उहाँले अगाडि सारेको योजना कृषि औजार कारखानाको स्थापना रहेछ। त्यसमा पनि ३० वर्षअघिदेखि बन्द भएको वीरगञ्ज कृषि औजार कारखानालाई पुनः सञ्चालन गर्ने रहेछ। यो स्वागतयोग्य नै विषय थियो।

यो कारखानालाई सञ्चालन गर्न सक्ने हो भने अहिले भारत र चीन लगायतका देशहरूबाट आयात हुने कृषि उपकरणको ६ देखि ७% सम्म आयात घटाउन या यहाँको उत्पादनबाट पूरा गर्न सकिन्छ भन्ने विश्वास लिएको देखिन्छ। यो कारखाना सञ्चालन गर्ने हो भन्ने ६०० भन्दा बढी प्रत्यक्ष रोजगार सिर्जना गर्न सकिन्छ भन्ने विश्वास गरिएको अवस्था छ। यही देशमा उत्पादित कृषि औजारको माध्यमबाट यो देशको उत्पादन बढाउन सकिन्छ। देशको उत्पादन बढ्यो भने देश आत्मनिर्भर बन्छ भने राष्ट्रिय पुँजीको विकास हुन्छ भने हामीले त्यसलाई किन प्रोत्साहन नगर्ने। विदेश पलायन भइरहेका युवाहरूलाई अहिले नेपालमा रोक्न सकिने जस्तो मुलुकका लागि अत्यन्त राम्रा योजनाहरू देखिन्छन् यसमा सरकारको ध्यान जानुपर्छ भन्ने लाग्दछ।

र अर्को एउटा कन्सर्नको विषय मैले उठाउन खोजेको छु। अहिले नेपाल सरकारले नेपालको नोटमा नेपालको नक्सा छाप्ने कुरा गरिरहेको छ। तर हाम्रो आफ्नै नेपालको नक्सा नेपालको नोटमा नेपालको नक्सा छाप्दा अरूलाई टाउको दुःखाइ किन? र मैले सुने राष्ट्रपतिज्यूका विज्ञ सदस्यले कुनै अर्को देशलाई चिढ्याउने कुरा भयो त भनेर प्रतिक्रिया दिनुभयो भन्ने कुरा सुने। भने हाम्रो देशको नोटमा हाम्रो देशको नक्सा छाप्दा खेरि अर्को देश चिढिनुपर्ने कारण के थियो? र उहाँले कुन आशयबाट त्यो भन्नुभएको? यदि भन्नुभएको हो भने राष्ट्रपति कार्यालयको म गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। त्यस्ता विज्ञ सदस्यहरू, कस्ता खालका विज्ञ सदस्यले, सदस्यहरूले यहाँले राख्नुभएको छ? त्यसकारणले गर्दाखेरि यो एउटा विषय हो र अन्तमा मैले एउटा आग्रह गर्न खोजेको छु। त्यो आग्रह के हो भने यतिबेला यो धेरै पोलिटिकल विषय नउठाउँ भन्ने मेरो चाहना हो तर पनि यो मुलुकमा डे वान देखि यो जुन अहिलेको गठबन्धन बनेको छ यो गठबन्धन भत्काउनका लागि डे वान देखि नै पहल सुरू भएको छ। र यसले यो सत्ता समीकरणको जुन खेलले अस्थिरता निम्त्याउँदैन र? सत्तालाई केही समय चल्न दिने, सरकारलाई केही समय चल्न दिने होइन। पहिलो दिनदेखि नै यो सत्ता परिवर्तन गर्नेमा लागिरहेको अवस्था छ। नेपाली काङ्ग्रेसको साथीहरूलाई एउटा आग्रह गर्न चाहन्छु। प्रतिशोधी, निषेधको राजनीति स्वार्थकेन्द्रित गतिविधि नगर्न आग्रह गर्न चाहन्छु र मैले यो आफ्ना कुराहरू राखिरहँदा खेरि चाहि यो सभा लाई एउटा प्रबुद्धहरूको सभाको रूपमा हामीले स्थापित गर्न सकौं। र हिजो पनि हामीले प्रतिनिधि सभामा नारा जुलुस भइरहेको बेला पनि यो सभालाई चलाएर यो सभाले विधेयक पास गरेको पनि एउटा रेकर्ड रहेको छ। त्यसकारणले गर्दा यो सभालाई छुट्टै पहिचान दिएर अगाडि बढ्न सकौं। त्यसमा हामी सबैले भूमिका निर्वाह गरौं। यही शुभेच्छा र शुभकामना व्यक्त गर्दै आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु। हवस् त। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य कृष्णप्रसाद सिटौला।

(१४:३३ बजे) **माननीय श्री कृष्ण प्रसाद सिटौला (नेपाली काङ्ग्रेस)**ः- अध्यक्ष महोदय, आज निकै दिनपछि हामीहरू राष्ट्रिय सभाको बैठकमा उपस्थित भएका छौं। नयाँ वर्षको २०८१ नयाँ वर्षको प्रारम्भदेखि नै हामी यहाँ मुखामुख गर्ने मौका पाएनौं। सर्वप्रथम म यहाँहरूलाई नयाँ वर्षको पनि शुभकामना दिन चाहन्छु।

अध्यक्ष महोदय, नेपालको राजनीति यहाँसम्म आइपुग्दाखेरि हामीले सहमति, सहकार्य र एकताको राजनीतिलाई अगाडि बढाएका हौं। निकै ठुलो मेहनत, निकै धेरै नेताहरूको कार्यकुशलताका कारण हामीहरू ०६२/०६३ को आन्दोलन हुँदै संविधान निर्माण गरेर यहाँसम्म आइपुगेका छौं। पहिलो संविधानसभाबाट संविधान निर्माण गर्न हामी सफल नभएपनि दोस्रो संविधानसभामा पुगेर हामी संविधान निर्माण गर्न सफल भयौं। एउटा सहमतिकै एउटा परिणाम थियो। त्यसबेला सत्तामा नेपाली काङ्ग्रेस पार्टी र एमाले थियो। नेपाली काङ्ग्रेसकै प्रधानमन्त्री हुनुहुन्थ्यो। माओवादी त्यसबेला प्रतिपक्षमा रहे पनि संविधान निर्माण गर्ने कार्यमा एकाग्र ढङ्गले हामीसँग सहमतिका साथ रहेको थियो। सबै एक ठाउँमा थियौं। मैले भन्न खोजेको अर्थ, सहमति नभएको भएदेखि संविधान निर्माण हुन सक्ने थिएन। अन्य राजनीतिक दलहरू पनि हामीसँग थिए। केही दल हामीसँग अन्तिम समयसम्म झन्डै झन्डै रहे। विजय गच्छदारजीको राजनितिक दल, केही दल अन्तिम समयतिर संसद छोडेर बाहिर जानु भयो। तर हामीले संविधान निर्माण गरेर घोषणा गर्नुभन्दा अगाडि हाम्रा सबै पार्टीका नेताहरूले त्यसबेला हाउसबाट बोल्नुभएको छ। हामी सबैलाई साथमा लिएर हामी अगाडि जान्छौं। आज जुन दलहरू यहाँहरू हुनुहुन्न, यहाँहरूलाई साथमा लिएर अगाडि जान्छौं। यो संविधानमा जे समस्याहरू छन्, त्यसलाई पनि हामी सहमतिका आधारमा सुल्झाउँदै संशोधनमार्फत हामी अगाडि बढ्छौं भनेर बोलेका थियौं, त्यो रेकर्ड छ संसदमा। तर ठ्याक्कै आज संविधान जारी भएपछि यहाँसम्म मूल्याङ्कन गर्दा के यो संविधानले निर्धारण गरेको लक्ष्य प्राप्त गर्ने कार्यदिशामा नेपालको राजनीति अगाडि बढेको छ।

राज्यका जति निकायहरू निर्माण गरेको छ, संविधानले जति संवैधानिक निकायहरू निर्माण गरेको छ, जति राज्य संयन्त्रहरू छन्। के तिनीहरू जवाफदेही ढङ्गले, पारदर्शी ढङ्गले अगाडि बढेका छन्? संविधानमा हामीले व्यवस्था गरे बमोजिम हाम्रै संसद, दुइटै हाउस मिलाएर संघीय संसद, हाम्रो प्रदेश सभाहरू, स्थानीय तहहरू संविधानले जनताको हितमा जे जति काम गर्छु भनेर सङ्कल्प गरेका छन् संविधानभित्रबाट त्यो कार्य गर्ने क्रममा के हामी सफल हुँदै गएका छौं। हामीले निर्माण गरेको संविधानले निर्माण गरेको न्यायपालिकाले जनतालाई दुरुस्त न्याय दिन

सफल भएको छ? के न्याय सहज ढङ्गले, सर्वसुलभ ढङ्गले प्राप्त छ जनताका लागि? यस बारेमा एकपटक गम्भीरतापूर्वक विचार गर्ने बेला भयो कि भएन? हामीले सहमतिले संविधान निर्माण गर्यौं तर त्यसपछि आजको दिनसम्मको मूल्याङ्कन गर्ने हो भने सहमति नाम मात्रको हुन थालेको छ। आफ्नो स्वार्थ केन्द्रित कुनै विचार भयो भने त्यो सहमति भयो भन्ने आफ्नो स्वार्थ अनुकुल भएन भन्ने सहमतिबेगर भयो भन्ने खालको एउटा नयाँ ढङ्गको भाष्य निर्माण गर्न थालिएको छ। सर्वप्रथम के कुरामा म ध्यानाकर्षण गर्न चाहन्छु राष्ट्रिय सभाको अध्यक्षज्यू मार्फत, सरकारको पनि भने जतिसुकै अहङ्कार गरेपनि म सरकारमा छु, म गर्न सक्छु भन्ने अहङ्कार गरे पनि सरकारले समग्रमा सहमतिको राजनीति निर्माण गर्न सक्नुहुन्न। सहमति, सहकार्य र एकताको भावनालाई बोकेर तपाईं अगाडि जान सक्नुहुन्न भने तपाईं सरकार टिकाउनु होला। सरकार टिकाउनु होला, प्रधानमन्त्री बन्नुहोला। भर्खर एउटा पार्टी फुटेको हामी सुन्दै छौं। कानुन वैधानिक छ छैन त्यो उहाँहरूको आन्तरिक विचार होला। सत्ता टिकाउन भयो अथवा सत्तालाई फुटाउनु भयो त्यो मेरो त्यसमा मेरो ध्यान छैन। बिल्कुलै सुख छैन। नेपालको संविधान जारी भएको आज त्यति लामो धेरै वर्ष भएको त छैन। तर १० वर्ष नपुग्दै यत्रो धेरै निराशा जनतामा किन? यति धेरै कुण्ठा किन? जनतामा के हामीले सम्बोधन गर्न सकेका छौं। के हामीले संविधान लेखेको कुरा शिक्षा, स्वास्थ्य, रोजगार, खानेपानी आदिको हक हामीले जुन guarantee गर्यौं मा◌ौलिक हक भनेर, त्यो हामीले उपलब्ध गराउन सकेका छौं? कुनै एउटा बिरामी अस्पताल पुग्यो भने इमर्जेन्सीमा सेवा सहज ढङ्गले उपलब्ध छ बिना पैसा ? र गरिब मान्छे एक्सिडेन्टमा पर्‍यो भने इमर्जेन्सीमा पुग्यो भने पैसा नदिईकन चाहे सरकारी अस्पताल होस् वा private अस्पताल होस् उपचार छ? हामीले लेख्यौं निःशुल्क हक, ग्यारेन्टी छ छैन। शिक्षा क्षेत्र त्यस्तै छ। अनेक क्षेत्र जनताको गाँस, बास, कपाससँग जोडिएका विषयहरूलाई हामीले गरिब जनतालाई उठाउँछौं है, त्यही रहन दिनु हुन्न है। विपन्न वर्गलाई, पिछडिएको वर्गलाई, महिलालाई, दलितलाई, बालबालिकालाई, ज्येष्ठ नागरिकलाई त्यो अवस्थामा रहन दिनौं है। हामी उठाउँछौं भनेर संविधानमा सङ्कल्प गर्यौं सहमतिका साथ तर आज यो दिनसम्म आइपुगेर हामीले त्यसको मूल्याङ्कन गर्ने हो भने हृदयले भन्छ हामीले गरेका छैनौं, गल्ती गरेका छौं। कारण गल्ती केले छ? आफ्नो स्वार्थले। कारण गल्ती केले निजी स्वार्थले। अन्य कारणले होइन। त्यसैले म पहिलो कुरो संविधानलाई नै हेरेर संविधानको विद्यार्थीको नाताले, संविधान निर्माण गर्दा आफूले खेलेको भूमिकाको नाताले, त्यसलाई दलहरूको बीचमा भएको सहमति झलझली सम्झनाको कारणले र ६२/६३ को आन्दोलन हुँदै गणतन्त्रमा हामीलाई पुग्यौं, त्यसबेला पुग्दाखेरि हामीले बिताएका क्षणहरूलाई त्यही क्षणलाई सम्झँदाखेरि मैले भन्नै पर्छ सबै राजनीतिक दलका नेताहरूलाई तपाईंहरू एकपल्ट म म गर्नुस्। छातीमा हात राख्नुस् र नयाँ ढङ्गले फेरि नयाँ एउटा

प्रतिबद्धता जनाउनुस् तपाईहरूले। त्यसरी देश तपाईहरू चलाउनु सक्नु हुन्न। भाषण जति गरेनि हुन्छ। प्रधानमन्त्री, मन्त्रीहरूले तर तपाईंको भाषण जबसम्म कार्यान्वयन हुँदैन, तपाईंको भाषण खोक्लो नारामा मात्र हुन्छ, यो प्रष्ट कुरा हो। त्यसकारण म अध्यक्ष महोदयमार्फत सरकार र सरकारमा रहने सबै राजनीतिक दलका नेताहरूलाई आग्रह गर्न चाहन्छु। देशका शीर्ष नेतहरूलाई आग्रह गर्न चाहन्छु। एकपटक तपाईंले पुनर्मूल्याङ्कन गर्नुस्। आफूलाई पुनर्मूल्याङ्कन गर्नुस्, आत्मसमीक्षा गर्नुस्। के तपाईंहरूले सही गर्नुभएको छ? आत्मसमीक्षा गर्नुस् पहिलो कुरा।

दोस्रो कुरामा कस्तो अचम्म छ। प्रतिनिधि सभामा, संसदमा कति दिनदेखि सहकारीको issue लाई लिएर गृहमन्त्रीको संलग्नता छ है भन्ने कुरा अनेक ढङ्गले आयो तर संसदीय छानविन समिति गठन गरौं भनेर साथीहरूले कुरा उठाउनु भयो, माननीयज्यूहरूले कुरा उठाउनु भयो। पटक पटक कुरा उठाउनुभएको छ। हाउस obstruct भएको छ। अबरोध भएको छ। प्रतिनिधि सभा obstruct भइराख्ने, अबरोध भइराख्ने, सरकारको काम कारवाही अगाडि नबढ्ने अनि हाउस चलाउनको के अर्थ हुन्छ? हामी त्यहाँको राजनीतिबाट अलग्गै हुन सक्दैनौं, हामी त्यहीँ जोडिएका छौं। त्यहाँबाट कानुन पारित नभई यहाँबाट कानुन बन्दैन। त्यहाँबाट निर्णय नभई यहाँको निर्णयले देश अगाडि जाँदैन। राज्यको कुन निकाय चल्न सक्छ यहाँको मात्र निर्णयले। जहाँनिर power छ त्यहीँनिर समस्या छ। त्यही अल्झिराखेको छ, कुरा, त्यहीँ अड्किइराखेको छ विषय भने यसलाई मात्र चलाएर जानुको अर्थ के हुन्छ? यस बारेमा अध्यक्ष महोदयमार्फत म सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। सरकार त मेरो परिभाषामा अहिले त एउटै छ। पुष्प कमल दाहाल “प्रचण्ड” अहिलेका प्रधानमन्त्री हुनुहुन्छ। सुरुमा एमालेको समर्थनमा प्रधानमन्त्री बन्नु भो पछि नेपाली काँग्रेसको समर्थनमा प्रधानमन्त्री बन्नु भो फेरि अहिले एमालेलगायतका समर्थनमा प्रधानमन्त्री बन्नु भो। प्रधानमन्त्री, प्रधानमन्त्री उहाँ नै हो। पद्धति, प्रधानमन्त्रीनै पद्धति हो। क्याबिनेटमा त बहुमत, अल्पमत त हुन्न। गृहमन्त्रीले प्रस्ताव लगे पनि प्रधानमन्त्रीले yes नभनेसम्म निर्णयमा त पुग्दैन। प्रधानमन्त्रीय पद्धति हो। जिम्मेवारी त प्रधानमन्त्रीकै हो, अरूको होइन। फलानाले मानेन, ढिस्कानाले मानेन भनेर हुन्न यो पद्धतिमा। त्यसैले मेरो एउटा आग्रह छ अध्यक्ष महोद मार्फत प्रधानमन्त्रीजीसँग मेरो humble request छ। यो विषय सहजै समाधान गर्ने विषय हो। विगतका त्यत्रो उदाहरण छन् नी। हामीले पटकपटक कहिले प्रधानमन्त्रीको initiative मा हामीले भेटेको छौं। कहिले सभामुखको initiative मा हामी संसदीय दलबाट हामी गएका छौं। हामी स्वयं गृहमन्त्रीका सामुन्नेमा कुरा राखेका छौं। तपाईंले संसदीय छानविन समिति बनाएर छिटै clean chit लिनुस् न छिट्टै। हामी सहयोग पुर्‍याउन चाहन्छौं। कुरा त उठ्यो नि त। अर्बौंको घोटालाको कुरा छ, अर्बौंको अपचलनको कुरा छ।

तपाईंको संलग्नता छ छैन हामी जान्दैनौं। तर कुरा त उठ्यो नि। तपाईंको संलग्नता छ कि छैन? तपाईं भन्नुहुन्छ कि कहीं मेरो संलग्नता छैन। झन् राम्रो तपाईंको लागि, पहिला पनि भएको छ। हाम्रै अर्थमन्त्री नेपाली काङ्ग्रेसका अर्थमन्त्री रामशरण महतजीको बारेमा कुरा उठ्यो। हामीले भन्यौं उहाँलाई राजिनामा दिनुस्। आज त त्यो पनि भनेका छैनौं राजिनामा दिनुस् भनेर। उहाँले राजिनामा दिनुभो, छानविन भो, उहाँको कुनै दोष देखिएन, फेरि अर्थमन्त्री बन्नु भो फेरि गाडि जानु भयो नि त मन्त्रीपरिषद्मा बसेर। तर यो पनि हामीले भनेका छैनौं आजको दिनमा त। राजिनामा दिनु पर्दैन तपाईंहरूलाई तर संसदीय छानविन समिति बनाऊँ। सत्ता पक्ष तपाईंहरूको छ, यत्रो ठुलो सङ्ख्या तपाईंहरूसँग छ। तपाईंलाई त सजिलै छ नि त के अप्ठ्यारो छ। छानविन समिति बनाउन हुन्न है भन्दाखेरि त सबभन्दा समस्यामा म त गृहमन्त्रीनै देख्दछु। किन बनाउन नहुने? अझ अर्को समस्यामा परिदिनहुने महान्याधिवक्ताले, झन् आजको दिनमा त। आज सम्म इतिहासमा नभएको घटनामा judiciary को सानो एउटा म विद्यार्थी हुँ। महान्यायाधिवक्ताले कसैलाई clean chit दिदैं हिड्छ? पत्र प्रहरीले चाँहि के छ भनेदेखि कामको certificate दिए जस्तो यो असल चालचलन हो है भनेर। कुनै अपराध गरेको छैन भनेर पुनरावेदन गर्न जस्तो मिल्छ? मिल्दैन थियो नि। किन यस्तो गराइयो। राज्यको कुन अङ्गको प्रभावमा हुन्छ त्यस्तो काम त्यो निकायहरूबाट। एउटा बाध्यतामा प्रतिपक्ष पुग्दैछ। राज्यले संवैधानिक निकायहरूलाई पनि, वैधानिक निकायलाई पनि अवैधानिक कार्य गर्न बाध्य पार्न थाल्यो। यस्तो गर्नु हुँदैन। यसरी देश अगाडि जान सक्दैन। संवैधानिक निकायले निष्पक्ष ढङ्गले कसरी काम गर्न सक्दछ? अनुसन्धान गरे भइहाल्यो नि प्रहरीले भन्दिन्छ। कसरी सम्भव छ? गृहमन्त्री माथिको अनुसन्धान, उहाँको प्रहरी उहाँ माथि गर्छ? कस्ले पत्याउँछ यस्तो कुरा? फेरि यत्रो धेरै कुरा उठिसकेपछि मेरो आग्रह छ अध्यक्ष महोदयमार्फत्, यहाँ सरकारका मन्त्री साथीहरू, उपप्रधानमन्त्रीजी एकदम जसको विचारले नै सरकार निर्णयमा पुग्छ जस्तो मलाई लाग्छ अलि अलि। यो छिट्टै निर्णय होस्। मेरो humble request छ। एउटा छानबिन समिति बनोस्। किन म यो कुरा अलिकति आज यहाँ बोल्न आवश्यक ठानें आफ्नो दलको तर्फबाट भने हामीले आजै मात्र यो दलको निर्णय गरेका छौं। संघीय संसदको दलको निर्णय गरेको छौं। यो नभएसम्म अगाडि जाँदैन संसद। दुवै सदन अगाडि जाँदैन भन्ने हाम्रो निर्णय पनि छ। Even व्यक्तिगत मामिलामा हैन यो त, व्यक्तिको आधारमा मैले यो कुरा राखिरहेको पनि छैन। यति भने पछि अध्यक्ष महोदयमार्फत सरकारले राम्ररी कुरा सुनेको छ भने मेरो एउटा विश्वास छ। छिट्टै नै छानविन समिति गठन हुन्छ भने मेरो एउटा विश्वास पनि हो। हामी रचनात्मक ढङ्गले कुनै पूर्वाग्रह नराखेर सहयोग पुर्‍याउन चाहन्छौं। हाम्रो साथीहरू सहयोग गर्न चाहनुहुन्छ। कसैलाई दोषारोपण गरेर फसाउनु छैन। अर्को कुरा मैले भन्नु छ। अनेक ढङ्गले बदलाको

राजनीति हुन थालेको छ, अनेक ढङ्गले। एक पटक उहिले गाई चराउँदा, भैंसी चराउँदा रिस उठेको थियो भने अहिले आएर थप्पड हान्ने खालको जस्तो। उहिले रिस उठेको थियो भने अहिले आएर थप्पड हानेको जस्तो। यो democracy भएन। उहिले पो खराब थियो त्यो त असल पुर्‍याउन बाटो तिर हिँडे हुन्छ सरकारले कम्तीमा पनि। उहीले खराब थियो कोही भने पनि अहिले त्यसलाई सच्याउने बनाउने बाटोतर्फ, बनाउने बाटोतर्फ हिँडे भयो नि। उहिलेको खराब झन् बाटोमा धकेल्ने हुँदैन सरकारले कम्तीमा पनि। सरकारको reformative theory मा सरकारले विश्वास गर्नुपर्छ। म reform गर्न सक्छु society लाई भन्नेले व्यक्तिलाई नि reform गर्न सक्छु भन्ने आँट पनि त गर्नुपर्छ भनें नि। त्यसैले revenge politics सरकारले कहिले पनि नगरोस्। हाम्रो छैन, डेमोक्र्याट भएको नाताले पनि होला। डेमोक्रेसीमा बढी विश्वास गर्ने नाताले पनि होला। हामी revenge को राजनितिमा विश्वासै गर्दैनौं। उदाहरण नै छ हाम्रो इतिहासको। सात सालको क्रान्तिपछि मोहन शमशेर प्रधानमन्त्री बन्नु भो अन्तिम राणाशासक, त्यही हाम्रो नेता विशेश्वर प्रसाद कोइराला गृहमन्त्री पनि बन्नु भएको हाम्रो इतिहास पनि छ। हामी revenge मा विश्वास गर्दैनौं। Reform भइसकेपछि, change भइसकेपछि नयाँ ढङ्गले राजनीतिको course निर्माण भइसकेपछि अगाडि बढिसकेको बाटोमा सबैले मिलेर हिँड्नुपर्छ। ..... सबै मिलेर जानुपर्छ। सबैले मिलेर समाज बनाउने हो हामी। उच-निच हामी कोही छैनौं। कोही कोही ठुला साना कोही छैनौं। कुनै वर्ग विशेषले, कुनै जात विशेषले, कोही धनी विशेषले कोही ठुला पनि छैनौं, कोही साना पनि छैनौं। हामीलाइ दब्नु नि पर्दैन, धेरै अहङ्कारले दम्भ देखाउनु पर्दैन हामीलाई। हामी समान ढङ्गले अगाडि जान सक्छौं कम्तिमा त त्यति एहसास गर्नु भो, पर्‍यो। हामी सहमति, सहकार्य एकताको राजनीति गरी यहाँसम्म आइपुग्यौं भने एउटा छानविन समिति गठन गर्ने कुरामा सरकार किन यत्रो खुट्टा दह्रो पारेर उभिएको उभियै गरेको मैले बुझेको छैन। सरकारले सम्झाउन सक्छ जस्तो, हामीलाई हैन, सरकारले जनतालाई यसरी convince गर्न सक्छ भन्ने जस्तो मलाई लाग्दैन। यो प्रधानमन्त्रीजीले clean chit दिएर हुन्न। महान्याधिवक्ताले clean chit दिएर पनि हुन्न। अनुसन्धान गर्ने निकाय, एउटा प्रहरी निकायले अदालतमा मुद्दा पठाउन लेखिसकेको रवि लामिछाने संलग्न छ भनेर गृहमन्त्रीमाथि मुद्दा लाउन नसकेको मात्रै देखिन्छ नि त त्यो प्रतिवेदन हेर्दा त। गृहमन्त्री भएको नाताले, प्रहरीले कसरी मुद्दा लगाउने हो भन्ने पर्‍यो होला। कि रबि लामिछाने होइन भनेर प्रमाणित गर्नु पर्‍यो नि। यी सबै कुरामा मेरो भनाइको अर्थ के हो भने हामी सांसदहरू यहाँ उभिएर, बोलेर तथ्यमा प्रवेश गरेर गहिरिएर यो हो वा होइन भने म प्रवेश गर्न चाहन्नँ तर यसमा छानविन समिति नबनाउने हो भने हामीले बुझ्नुपर्छ। सरकार confrontation रोज्दैछ। सरकार द्वन्द्व रोज्दैछ। त्यो बाटोतिर सरकार चाहेर होस् वा

नचाहेर धकेलिँदै छ। यो ढङ्गले हामीले हेर्नुपर्छ। यो हेर्न नपरोस भन्ने विशेष आग्रह गर्न चाहन्छु।

अहिले माननीयज्यूले नि कुरा उठाउनुभो। देशमा बहुत धेरै ठाउँमा डढेलो लागेको छ, बहुत धेरै ठाउँमा। बहुत धेरै ठुलो जनधनको क्षति भएको छ। मैले data राखिनँ किनकि उहाँले राखिसक्नु भयो। एउटा कुरा भन्न चाहन्छु। सरकारको भूमिका किन राम्रो देखिँदैन? सरकारले किन आह्वान गर्न सक्दैन? किन यस्तो विषयमा राजनीतिक दललाई साथमा लिएर हिँड्न सक्ने आँट गर्दैन। झण्डै झण्डै एक प्रकारको भूकम्प गए जस्तै छनि त। हामीले भूकम्प जाँदा सत्तामा सुशील कोइराला हुनुहुन्थ्यो, एमाले सहितको सत्ता थियो हाम्रो। त्यतिबेला प्रतिपक्षमा प्रचण्डले गर्दा एक भएर, एकाकार भएर हिँडेका थियौँ नि भूकम्पमा। पीडितहरूलाई सहयोग गर्नकोलागि initiative को सरकारले लिनुपर्छ नि त चिजबिजमा। मानिसहरू मरेका छन्, घरहरू क्षति भएका छन्, वन आगो लागिराखेको छ। सरकारसँग आगो निभाउने संयन्त्र छैन, छैन भने संयन्त्र ल्याउने सोच राख्नु पर्‍यो नि त सरकारले।आगो निभाउने helicopter चाहियो भने किन्ने खालको प्रवन्ध गर्नुपर्‍यो नि त सरकारले। आफूसँग छैन भने मित्र राष्ट्रसँग सहयोग माग्नु पर्‍यो नि त अन्तर्राष्ट्रिय जगतसँग सहयोग माग्नु पर्‍यो नि त सरकारले।त्यसमा सरकारको ध्यान किन नपुगेको? यत्रो ठुलो क्षति भइसक्यो तथापि सरकार संवेदनशील बन्न सकेको छैन। एउटा सहकारीको issue मा सरकारको, मुख्य सरकार भन्छु म, अड्केको अड्क्यै, अड्केको अड्क्यै त्यहीँनिर अड्केको छ।

त्यसकारण अन्त्यमा अब धेरै कुरा नभनीकन सम्माननीय अध्यक्ष महोदय, म शुभकामना दिन चाहन्छु। यो हाउसमा जनताको जल्दाबल्दा समस्यालाई नै उठाउने हो। मुख्य कुरा सरकारले गर्ने हो जनताको पक्षमा। हामीले आवाज उठाउने हो प्रतिपक्षले जनताको पक्षमा। हामी कोही पनि जनतालाई बाद गरेर अन्य वादको कुरा गर्न सक्दैनौं। हाम्रो बाद भनेकै जनताको अस्तित्वको बाद हो र यो देशको अस्तित्वको बाद हो। जे गर्नाले देशको अस्तित्वको रक्षा हुन्छ, देश अगाडि बढ्छ, जे गर्नाले जनताको अधिकारको रक्षा हुन्छ, जे गर्नाले जनताको आर्थिक, सांस्कृतिक, समाजिक, प्रगति, उन्नति हुन्छ त्यही नै हाम्रो लक्ष्य हो। त्यसैले तपाईं हामी सबै जनताको पक्षमा छौं। सबैले मिलेर जनताको पक्षमा, जनताको हितमा, राष्ट्रको हितमा काम गर्न सक्नेगरी हामी सवल बन्न सकौं म यही शुभकामना दिन चाहन्छु। राष्ट्रिय सभाको आगामी दिन एकदमै सफलतापूर्वक अगाडि जान सकोस्। मेरो शुभकामना छ। धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य माया प्रसाद शर्मा।

(१४:५० बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम यो सोह्रौं अधिवेशन चल्दैछ। सुरु भएको छ यो भव्यतापूर्वक सम्पन्न होस्। र यसले ऐतिहासिक महत्त्व राख्ने कामहरू गरोस्, यसको शुभकामना व्यक्त गर्न चाहन्छु। र यहाँ पहिलोपटक हाम्रो राष्ट्रिय सभामा सदस्य भएर हाम्रो माननीय डाक्टर अन्जान शाक्य उपस्थित हुनुहुन्छ। म उहाँलाई हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु।

देशभरि आगजनी, सवारी दुर्घटना, सामाजिक कुरीति र कुसंस्कारका बीचबाट कतिपय मान्छेहरूको ज्यान गएको छ, धनजनको क्षति भएको छ। ज्यान गुमाउनेहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। घाइते अपाङ्गहरूको शीघ्र स्वास्थ्य लाभको कामनासहित उपचारको व्यवस्थापन राज्यले गरोस् भन्ने अध्यक्षमार्फत व्यक्त गर्न चाहन्छु। र समस्या छ, घर गोठहरू जलेका छन्, गाईवस्तुहरू जलेका छन्। यसको क्षतिपूर्तिको लागि पनि विशेष पहल गर्नुपर्छ। जनताप्रति सरकार जवाफदेही हुन्छ, हुनुपर्छ र त्यसको कर्तव्य हुन्छ। र संयोगले कतै कुरा मिलेर गएको खण्डमा अन्यथा नमान्ने गरी म आफ्नो धारणाहरू राख्न चाहन्छु। र विशेष गरेर यो बजेट अधिवेशन हो। यो सरकारले केही नयाँ कामको सुरुवात गरेको छ। बजेटका सिद्धान्त र प्राथमिकता नीति तथा कार्यक्रम र बजेट विनियोजनका बारेमा समयमै छलफल चलाउने एउटा परम्पराको स्थापना गरेको छ र हामीले ती विषयहरूमा छलफल धेरैपटक गरेका छौं र गर्दै गएका छौं। यो हाम्रो सकारात्मक पक्ष हो। र यसलाई हामीले कहिलेकाहीँ त्यही काम आफूले गर्दा धेरै सकारात्मक देखिने, अरूले गर्‍यो भने एकदम रूढीवादी देखिने गर्छ। यो हाम्रो बसाइको सिटले पनि त्यसलाई प्रभाव पार्छ। तर मलाई के लाग्छ भन्दाखेरि यो सकारात्मक पक्षको सुरुवात भएको छ। अनुसरण गर्ने खालको छ। "आयो..... कला" भनेर भन्ने हाम्रो उखान छ। त्यस्तो भएको छैन। छलफल पर्याप्त छ। र यसले सङ्केत के गरेको छ लगानी सम्मेलन भयो त्यहाँ सम्पन्न भयो आर्थिक रूपले बजेटको राजस्व सङ्कलन अनुदान र ऋण होला। अवश्य पनि त्यसका स्रोतहरूको हिसाबले त्यसलाई सहयोगको निमित्त अन्य राष्ट्रहरूसँग शानदार सम्मेलन गरेर एउटा वातावरण सिर्जना गरेको छ। र यो अब विनियोजित गर्दाखेरि त्यहाँ कतै पनि सबैलाई एउटा के शङ्का देखापर्छ भने सबै सत्तापक्ष वा प्रतिपक्ष पहुँचका आधारमा विनियोजित बजेट हुन्छ भन्ने नदेखियोस्। यसलाई विशेष गरेर केले काम गरोस् भनेर भन्ने मलाई

लाग्छ भने नेपालको संविधानले के भन्न खोजेको छ, संविधानले समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने भनेर भन्ने छ भने त्यो संविधान अनुकूल बजेटले सम्बोधन गर्नेतिर सोच्नुपर्यो, त्यतातिर जानुपर्यो। किनभने नत्र त बजेट एकातिर संविधान अर्कातिर भए ठिक ठाउँमा जाँदैन। राष्ट्र तथा राष्ट्रिय तथा क्षेत्रगत नीतिसँग पनि त्यसको अन्तरसम्बन्ध छ। हामीले संघीयतामा गएका छौं, संघीयता को कार्यान्वयन भइराखेको छ। यस्ता विषयमा संघीयता विरोधी शक्तिले पनि कुरा उठाइराखेका छन्, असफल भयो भनेर यो प्रयोगमा जाँदा जाँदै जाँदा त्यसलाई समृद्ध हुँदै जाने, प्रयोग हुँदै जाने र सुसूचित हुँदै जाने विषय नै हुन्छ। हामी प्रयोगमै छौं। जति वर्ष आज धेरै वर्ष लाग्न सक्छ लाग्नु ठिक थियो कि थिएन मेरो भनाइ होइन, के लाग्न सक्छ, तर हामीले के गर्छौं भन्दाखेरि संघीयतालाई जसरी बलियो बनाउनका लागि संघीयतालाई स्वायत्तता दिनुपर्छ। त्यसको राजनीतिक अधिकार, सांगठनिक अधिकार, आर्थिक, वित्तीय अधिकार, प्रशासनिक अधिकार हुनेगरी सोच्नुपर्छ।र अहिले एउटा सङ्केत देखा परेको छ। यति करोड ५ करोडभन्दा तलको योजना संघ, एक करोडभन्दा प्रदेश, त्यसभन्दा तल स्थानीय तह भनेर भन्ने केही सङ्केतहरू देखापरेका छन्। यसले पनि संघीयतालाई सबलीकरण गर्नका निमित्त केही मद्दत गर्छ जस्तो लाग्छ। तर पनि फेरि ३ करोडभन्दा माथि राख्ने सबै रकम नीति तल दिने रकम माथि राख्ने हो भने मिल्दैन। नीति र रकम दुईटै संघीयताको मर्म, आवश्यकता र संविधानबमोजिम वितरण गर्नुपर्छ। कार्यान्वयन नगरेपछि त्यसको अनुगमन, निरीक्षण कारबाही गर्ने अधिकार पनि राख्नुपर्छ, त्यसका बारेमा जनताले सोचुन् भन्ने जस्तो मलाई लाग्छ। अघिल्लो योजना र त्यसको समीक्षाको बारेमा अघिल्लो योजना कस्तो थियो समीक्षा कार्यान्वयन गर्न भयो कि भएन त्यो कुरालाई सोचेर हामीले बजेट विनियोजित गर्दाखेरि सजिलो हुन्छ। एकपटक हामीले यसलाई हामीले हेर्दै जान्छौ हाम्रो समितिले पनि त्यो सरकारी आश्वासनसँग हेर्ने गर्छ। त्यो एकपटक के छ भने त्यो प्रथम पटक एउटा योजना जान्छ। त्यो रातो किताबमा हुन्छ तर कार्यान्वयन भएको हुँदैन। फेरि पनि त्यही अङ्क तलमाथि गरिन्छ त्यस्तो गर्नुभएन। कार्यान्वयन भयो कि भएन त्यसलाई नभएको भए त्यसलाई खारेज र नयाँ निर्माण गर्नेतिर सोच्नुपर्छ। उही रकम गएको छ, कार्यान्वयन कत्ति पनि भएको छैन। कहिले पुगेन भन्या छ, कहिले खाइदियो भन्याछ, कहिले के भन्या छ। यस्तो स्थितिलाई रोक्नुपर्छ जस्तो लाग्छ। स्तर उन्नतिका लागि तयार गरिएको रणनीति, यसको स्तर उन्नतिका नाममा हामी राष्ट्रिय गौरवका योजनाहरूसँग सरोकार राख्छ। राष्ट्रिय गौरवका योजना हामी थप्दै जान्छौं कोही पनि गौरवका योजना हुँदैनन्। त्यसलाई फत्ते गर्ने गरी, सम्पन्न गर्ने गरी रकमको व्यवस्थापन गर्नुपर्छ। तब मात्र त्यसलाई एउटा काम सकिन्छ, त्यो स्थापित हुन्छ अर्को हामीले राष्ट्रिय गौरवका विषयहरूलाई उठाउन सक्छौं। र दिगो विकास लक्ष्यलाई प्राप्त गर्नका लागि हामीले जुन अन्तर्राष्ट्रिय मान्यता पनि छ त्यसलाई आधार बनाएर बजेटको केन्द्रीकरण गर्न

सक्यो भने सजिलो हुन्छ जस्तो लाग्छ। र योजना विशेष गरेर राजनीतिक, प्रशासनिक, न्यायिक, निजी र गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्ने गरी योजना निर्माण गर्दाखेरि सुशासनतिर जान्छ। स्वास्थ्य, शिक्षा, रोजगारी, आवास सुरक्षा तथा सामाजिक सेवामा बजेट केन्द्रित गर्यो भने हाम्रो निमित्त सजिलो हुन्छ भन्ने देखा पर्ने देखिन्छ। र समावेशी संघीयता लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण गर्ने गरी हामीले जुन संविधानमा उल्लेख गरेका छौं। त्यो अनुसार सुदृढ र व्यवस्थित हुने गरी छुट्याउने कार्यान्वयन गर्नेतिर अहिले गयौं भने सजिलो हुन्छ जस्तो लाग्छ। सार्वजनिक सेवा प्रवाह र सुदृढीकरण गर्ने यी विषयहरूलाई अलिकति बढी ध्यान दिएर जाने विषयहरू हुन् जस्तो लाग्छ। यो भ्रष्टाचार नियन्त्रण र राज्यको सबै तहमा सुशासनको प्रवर्धन कसरी गर्ने? यो सबैतिर उठेको देखिन्छ। कसैले कागज मिलाउँछ होला। कसैले नमिलाएर हुन्छ होला तर फेरि त्यसले जाँच्ने त के हुन्छ भने उसले कमाएको सम्पत्तिले स्वतः स्पष्ट हुन्छ कि कागज मिलाएको पनि सम्पत्तिबाट देखिन्छ, नमिलाएको पनि देखिन्छ। कसैले मजाले मिलाउँछ त्यहाँ कही छुँदैन, कसैले मिलाउँदैन देखापर्छ। तर यो एकदम रोगको, एकदम यो रोगको हिसाबले देखा परेको छ। यसलाई हामीले नियन्त्रण गर्ने गरी सोच्नुपर्छ। राष्ट्रिय यसलाई हामीले अर्कोतिर हेर्दाखेरि जमिन, जङ्गल, जडिबुटी, जनशक्ति जो हामीसँग छ यसलाई कार्यान्वयन गर्ने गरी रोजगारी व्यवस्थापन गर्ने गरी सोच्यौं भने हामीलाई अर्को ठाउँमा जान अथवा पलायनतालाई हामी रोक्न सक्छौं हामी किताबमा अथवा भनेर भाषणमा हामी विदेश पलायनलाई हामी रोक्न सक्दैनौं कुनै पनि आर्थिक उत्पादन रोजगारीको व्यवस्थापन गर्नुपर्छ त्यसका निमित्त राज्य गम्भीर हुनुपर्छ।

अब बजेट कार्यान्वयन र स्रोतको व्यवस्थापन गर्ने कुरा अर्थनीति र अर्थशास्त्रको विधिलाई मिलाउने कुरा जाति, क्षेत्र, लिङ्ग, समुदायहरूको जुन प्रकारको हाम्रो बसोबास र छ उत्पीडित, क्षेत्र, समुदायहरूलाई त्यहाँबाट मुक्त गरेपछि त्यसलाई मुक्त भएपछि देशमुक्त हुन्छ भन्ने कुरालाई हामीले हेरेर हाम्रो नीति अनुसार राज्यको नीति अनुसार सरकारी, सहकारी र निजी क्षेत्रको समन्वय गरेर देश विकासको निमित्त हामी जो लक्ष्य राखेका छौं यतातिर विशेष ध्यान दिनुपर्छ जस्तो लाग्छ। र अर्को तिर यो कतिपय ठाउँहरूमा रोजगारीमूलक व्यावसायीकरण प्राविधिक क्षेत्रमा अलिकता शिक्षालाई पहुँचयुक्त बनाएर लैजाने हो भने बेरोजगार जनशक्तिहरू निर्माण गर्नेलाई रोक्न सक्छ। प्राविधिक शिक्षामा व्यवसायिक शिक्षा र रोजगारमूलक शिक्षामा पहिलेदेखि लगाउने गर्नतिर लाग्यो भने त्यसले पनि हामीलाई सहयोग पुग्छ जस्तो लाग्छ। कतिपय ठाउँहरूमा जनयुद्धकालको, द्वन्द्वात्मक परिस्थितिको जनक्रान्तिको, मधेश क्रान्तिका विभिन्न प्रकारका बेलाका सहिदहरूको व्यवस्थापन, सहिद परिवार र घाइते परिवारहरूको व्यवस्थापन

परिवार र घाइते परिवारहरूको व्यवस्थापन, बेपत्ता परिवारहरूको व्यवस्थापन बाँकी छ। द्वन्द्व पीडित र विस्थापितहरूको पुनर्मिलन पनि कतिपय अवस्थामा बाँकी छ त्यसलाई हामीले ध्यान दिनुपर्छ अगाडि बढ्नुपर्छ भन्ने जस्तो लाग्छ। समस्याको रूपले देखापरेका भ्रष्टाचारका रोगहरूलाई यो फैलनुबाट हामीले रोक्ने विधि खोज्नुपर्छ। सुशासन र समृद्धिको बाटो यहीँबाट पैदा गर्नुपर्छ। र राज्य सत्तामा दोहन गर्ने प्रवृत्ति छ यसको अन्त्य गर्नेतिर हामीले सोच्नुपर्‍यो। नपाएपछि हामी जो भनिराखेका हुन्छौं सत्ता बाहिर भित्र जे भने पनि आखिरमा चल्ने विषयहरू अलि बढी चल्ने आसेपासे पुँजीवादको विकृति भएको स्थिति यसलाई पनि हामीले नियन्त्रण गर्ने रोक्ने तिर गयौ भने सजिलो विधिको शासन अभाव छ। यसलाई विधिमा चलाउने कसरी विकास गर्ने यतातिर हामीले हेर्‍यौ भने सजिलो हुन्छ जस्तो लाग्छ। एकपटक चाइनामा एउटा अनुभव त्यहाँ आदानप्रदान गर्दाखेरि गाउँको विकास कसरी गर्ने भन्ने विषयमा छलफल गर्दाखेरि चीनिया प्राध्यापकले एकपटक भन्नुभएको थियो कि गाउँको सडक निर्माण गर्ने, फोहोर पानी उसको निष्कासनको प्रणालीको व्यवस्थापन गर्ने, शौचालय निर्माण गर्ने र फोहोरको समूह र व्यवस्थापन गर्न र किसानको नयाँ आवास योजना डिजाइन गराइदिने हो भने गाउँ सहरीकरण हुन्छ र सुदृढ हुन्छ भनेर भन्ने सुनेको थिएँ। यति मात्रै गरेपछि गाउँ सहर बनायौ भने हाम्रो समृद्धि तिर जाला भन्ने मलाई लाग्छ।

र अर्को हामीले उठाउने गरेका छौं र हामी यहाँ उपस्थित हुँदा यो कस्तो भने सरकारी हुँदाखेरि काम हामीले गर्‍या छौं जस्तो हुने सरकारभन्दा बाहिर हुँदा हामी छुट्याएको हुनाले भएन भन्या जस्तो जो हुन्छ। यो हामी सबै एउटै ठाउँमा छौं र एकै छौं। यसलाई हामीले सहकार्य, सहअस्तित्व र सहभागितामूलक राज्य निर्माण गरेरै गर्छौं हामी। ठुलो-ठुलो सङ्घर्ष पनि हामीले हाम्रो नेताज्यूले पहिले पनि भनेर जानुभएको छ। म राम्रोसँग त्यो त्यतिबेलाको शान्ति प्रक्रियाको अवस्था स्थिति र उहाँको पहलकदमी हेर्दाखेरि मलाई खुसी पनि लाग्छ, सम्मान पनि गर्छु। हामीले हेर्दाखेरि मैले अरू पनि त्यो खोजेको होइन। सरकारमा रहेर मात्र सहभागिता र संलग्नता हुँदैन। बाहिरबाट सत्तापक्ष र प्रतिपक्षका हिसाबले आफ्नो भूमिकालाई पनि व्यवस्थित गर्नु भने हाम्रो सहकार्य, सहभागिता र संलग्नता हुन्छ। त्यसलाई हामीले जोड्नका निमित्त सरकारले पनि मेहनत गर्ने कुरा प्रतिपक्षले पनि मेहनत गर्ने कुरा हो जस्तो लाग्छ। अहिले हामी कस्तो हुन्छ भन्दाखेरि हामी को बाट सिकेम् भनेर भन्नुभो हामीलाई तपाईंले सिक्नुभएको छैन, बुझ्नुभएको छैन तपाईंले जान्नुपर्छ भनेर भन्ने हुन्छ। अब भन्दाखेरि पनि जङ्गलबाट आएको थाहा छैन भन्या जस्तो कहिलेकाहीँ कुरा उठ्छन्। यो घर पालुवाले झन् हैरान बनाउने जस्तो देखिन्छ के। अब सिक्दै सिक्दा के हुने भने अब कसले सिक्ने कसले सिकाएको सिक्ने भन्या जस्तो।

सत्तामा भएको बेला एउटा कुरा हुन्छ, हामी धेरै सत्तामा भइराख्ने भएको बेला अलि प्रभाव पर्‍या होइनकि। तर फेरि त्यस्तो भइराख्ने स्थिति देखिन्छ। हामी यसलाई प्राथमिकतामा नराखीकन राज्य निर्माणको प्राथमिकतामा राख्यौं भने ठिक ठाउँमा जान्छ। अब हामी त्यो राष्ट्रिय सभा मेलमिलापकै सभाको रूपमा विकास भएको, सहकार्यकै सवालमा विकास भएको र अहिलेसम्म मैले चार वर्ष करिब करिब भयो। यहाँ अन्तर विरोध र अन्तरसङ्घर्ष त्यस्तो देखिएन सबै हामीले मेलमिलापकै बीचबाट गर्‍यौं। अब फेरि बिस्तारै त्यो प्रतिनिधि सभाको छाया यहाँ पर्ला जस्तो लाग्छ। यो पर्‍यो भने राष्ट्रिय सभाको अर्थ हुँदैन। जो बाहिर उठाइएको छ, राष्ट्रिय सभा अलिकता फरक हो र यसले फरक पहिचान स्थापित गर्नुपर्छ भनेर भने जो उठाए छ। पल्लोपट्टि रोकियो भने यहाँ रोकिने, त्यहाँ नारा लगायो भने यहाँ नारा लाग्ने। त्यहाँ जे जे गर्छ उही उही फोटोकपि हामी गर्‍यो भने हामी फोटो कपि मेसिनको दुई ठाउँ आवश्यक हुँदैन। त्यसकारणले हामीले सोच्नुपर्ने के देख्छु मैले भन्दा राष्ट्रिय सभालाई फरक ढङ्गले परिचालन गर्नेमा नेता महोदयहरू सबैले सोच्नुपर्छ र त्यसको एकताबद्ध तागत निर्माण गर्नुपर्छ जस्तो मलाई लाग्छ।

अर्को हामीले म अन्त्यतिर जाँदैछु। दुईटा विषयमा मैले उठाउन खोजेको छु। एउटा यो ऐन हामीले यो बनाउनुपर्नेछ। र यसले ऐन बनाएनौं भने यो संघीयता मन नपराउने, गणतन्त्र मन नपराउने, धर्मनिरपेक्षता मन नपराउने, समानुपातिक प्रणालीलाई मन नपराउनेहरूको आत्मबल बढ्ने देखिन्छ। यसलाई हामीले छिटो गर्नुपर्ने जरुरी छ, यो कार्यान्वयनको एउटा माध्यम हो। कानुन बनाउने कुरा नै कार्यान्वयनको माध्यम हो। हामी सबैले के गरौंभन्दाखेरि हाम्रा अलिअलि अनुभवहरू ४६ उसको ७ सालमा राणाहरू सम्झौता, ४६/४७ मा राजासँगको सम्झौता, ६२/६३ मा विद्रोही पक्ष र संसदवादीहरूको बीचको सम्झौता र कसैले कसैलाई फाइनल नगरेको स्थितिमा हामी दुईटैको रङ छर्ने स्वाभाविक हुन्छ र त्यसले सर्ने गरेको हुन्छ। र यसलाई स्थापित गर्नका निमित्त संघीय गणतन्त्र जसरी हामी लोकतान्त्रिक गणतन्त्र सुदृढीकरणको हिसाबले कानुन निर्माण गर्नुपर्छ। कानुन हामीले १३ सालले कानुन चलाएर गणतन्त्र सबलीकरण हुन सक्दैन, समृद्ध हुन सक्दैन। त्यतिबेलाको कानुनमा देखापरेका गठन आदेशबाट हामीले राज्य सञ्चालन गर्न लाग्यौं भने अगाडि बढ्न सक्ने स्थिति हुँदैन। त्यसकारणले अहिले तत्कालका हिसाबले सङ्क्रमणकालीन न्याय त्यो कसैको व्यक्तिको सरोकारको विषय होइन। हामीले काहीं त्यसलाई कतिपयले लेखन, पुनर्लेखन, संशोधन जे भने पनि सबैलाई के हुन्छ भन्दाखेरि त्यो सङ्कटको विषय हो। त्यो कसैको तत्कालीन सत्तापक्ष वा माओवादी कसै पक्षको मात्र नभएर राष्ट्रको कुरा हो। त्यसलाई हामीले तह लगाएनौं भने कुनै न कुनै ढङ्गले द्वन्द्वका घाउँहरू जीवित रहिराख्छन्। र हामी सबैलाई थाहा छ हामीले त्यतिबेलाको

कुनै किसिमको चोर्न, ढाँट्न, फटयाईं गर्न होइन कि हाम्रो देशकै निमित्त गएका मान्छेहरू धेरै धेरै बलिदान गरेको स्थिति छ। त्यसका पीडाहरू हामीले हामीले मञ्चबाट होस्, घरबाट होस्, गाउँबाट होस् जहाँबाट पनि हामीले भोगिराखेको स्थिति छ। त्यसलाई राज्यले छिट्टै व्यवस्थापन गर्नुपर्छ। यसको निउँ खोज्नु हुन्न, सत्ताको भर्याङ्ग बनाउनुहुन्न।

दोस्रो कुरा शिक्षा ऐनको आवश्यकता छ, शिक्षा अलपत्र परेको छ। तेस्रो कुरामा हामीले अहिले नै हेर्यौं भने निजामती ऐन र प्रहरी ऐन बनाएर मात्र हामीले तल ..... बनाउन सक्छौं र स्वास्थ्य क्षेत्रलाई हामीले निःशुल्कतिर भन्छौं स्वास्थ्य क्षेत्र पनि अलपत्र परेको स्थिति छ। व्यापारीकरणमा लिप्त जो जनतालाई चाहिनुपर्ने शिक्षा र स्वास्थ्य हो त्यही नै उद्योगधन्दाको रूपमा चलेका स्थितिमा जनताले स्वास्थ्य र शिक्षाबाट पाउन सक्दैनन्,सेवा सुविधा पाउन सक्दैनन्। प्रादेशिक अधिकार वा उसका बाझिएका कुराहरूलाई पनि ऐन कानुन मार्फत हल गर्नुपर्छ र तीन तह हामीले निर्माण गरेका छौं। त्यसलाई नै अधिकार बनाएर हामीले त्यसको सबलीकरण, व्यवस्थापन गर्नुतिर जानुपर्छ। अधिकार आफूले माथि भए माथि जाने तल भए तल दिने होइन। जहाँबाट छौ हामीले त्यसको व्यवस्थापन यो टाउको भएकाले टाउकाले अरू सबै अङ्गको व्यवस्थापन गर्नेतिर जानुपर्छ।

र यो भूकम्प पीडित भूकम्प जिल्लाको प्रतिनिधिको हिसाबले पनि मैले थोरै कुरा राख्न चाहन्छु, कि यो यसको जुन प्रकारको यो पहिलो चरणमा, पहिलो चरणमा जो खोज, उद्धार र राहत र अस्थायी आवासको पहिलो चरणको कुरा सरकारले अनुकरणीय रूपले सम्पन्न गर्यो। त्यहाँको उपस्थिति, हस्तक्षेप सबै कुरा खोज तलास उपचार सबै कुरा उल्लेखनीय रह्यो। त्यसपछि दोस्रो कि चरणको दोस्रो चरणको कामहरू अब पुनर्निर्माणको कुरा छ पुनर्निर्माणमा पहिलोकै टहराकै पैसा पनि प्राप्त नभएको पहिलो भूकम्पले फाल्यो केही गर्न बाँकी रहेका पनि भत्काएर दिने वा नदिने भनेर भन्ने बहस र छलफलले केही प्रभाव पारेको छ। यहाँ त त्यसले केही असर पार्दैन तर भूकम्प गएको ठाउँमा असर पार्छ। यहाँ अब बर्खा लागिसक्यो, अब भित्र बस्ने ठाउँ छैन सबै घरहरू भत्किएका छन्, बस्न सक्ने स्थिति पनि छैन। तर हामीले ढिलो गरिराखेका स्थिति छ। यसलाई रकमको सुनिश्चितता, नक्साको समस्या, घर भत्काउनै पर्ने वा नपर्ने यसको बारेमा कार्यविधि निर्माण गरेर पुनर्निर्माणमा, यो भूकम्पविद्हरूको रायमा कतिपय बस्तीहरूमा बस्न सक्ने या नसक्ने भन्ने विषय उठिराखेको छ। यसलाई हल गर्नुपर्छ र पुनर्निर्माण र पुनर्स्थापनाको मोडालिटी निर्माण गरेर राज्यले जानुपर्छ अस्ति हामीले एकपटक सम्माननीय प्रधानमन्त्रीज्यूसँग हामी त्यहाँका प्रतिनिधिहरूका बीचमा छलफल भएको थियो। त्यहाँ अहिलेसम्म कार्यविधि पनि अब जहाँ भूकम्प गाछैन त्यसलाई प्रथम जिल्ला र जहाँ भूकम्प

गएको छ त्यसलाई दोस्रो जिल्लाको रूपमा रकम नजानेगरी व्यवस्थापन गरिएको छ। यो त कस्तो मज्जा देखिने यसलाई पनि हामीले सच्याएर विपद् जोखिम न्यूनीकरण र त्यसको यस्तो व्यवस्थापन राज्यको कर्तव्य हो त्यो फेरि पनि जाँदै जान्छ। अर्को त्यहाँभन्दा ठुलो गयो भने त्यहाँका मान्छेले झन् दुःखदायी घटनाहरू बेहोर्नुपर्ने स्थिति देखिन्छ। रुकुमपश्चिम, जाजरकोट, सल्यान, बझाङ, डोटी र बाजुरामा गएको अघिपछि गएका समयका हिसाबले फरक बेला गएको भूकम्पले मान्छेहरूको घरबार तहसनहस भएको स्थितिमा राज्यले यसमा विशेष ध्यान, जोड र पहल गरोस् भन्ने सम्माननीय अध्यक्षमार्फत सरकारलाई ध्यानाकर्षण गराउँदै मेरो भनाइ यहीँ टुङ्ग्याउँछु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय बेदुराम भुसाल।

(१५:११ बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी हिउँदे अधिवेशन सकिएको २६ दिनपछि यो सभाको सोह्रौं अधिवेशनमा उपस्थित छौं। यस अवसरमा म सर्वप्रथम यो अधिवेशन उपलब्धिमूलक ढङ्गले सम्पन्न होस्, सफल होस्, त्यसका निम्ति हामीले पहल गर्न सकौं र स्वयम् अध्यक्षले राम्रो पहल गर्नुहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु। आज हाम्रो सभाले पूर्णता पाएको छ। एउटा रिक्त स्थानमा सदस्य मनोनीत भएर आउनुभा' छ, डाक्टर अज्ञान शाक्य। उहाँलाई म बधाई दिन चाहन्छु। र उहाँको कार्यकाल सफल बनोस् भन्ने शुभकामना र उहाँले यो सभामा सकारात्मक भूमिका खेल्न सक्नुहोस्, सक्रिय भूमिका खेल्न सक्नुहोस्, निभाउन सक्नुस् भन्ने हार्दिक शुभकामना पनि व्यक्त गर्न चाहन्छु।

मभन्दा पहिले बोल्नुहुने माननीयज्यूहरूले भनिसक्नुभा' छ कि अहिले देशमा साँच्ची नै धेरै ठुलो क्षति आगलागीबाट भएको छ। लाखौं हेक्टर जङ्गलमा डढेलो लागेको छ। पशुपन्छीहरू त अनगिन्ती रूपमा मरेका छन्। सँगसँगै मानिसहरूको पनि मृत्यु भएको छ। म यो क्षतिप्रति दुःख व्यक्त गर्न चाहन्छु। र मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। मृतकका परिवारहरूप्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु। र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। र सरकारले घाइतेहरूको राम्रो उपचार गरोस् भन्ने माग पनि गर्न चाहन्छु।

अध्यक्ष महोदय, हामीले आज बैठक सुरु गर्दा सहिदहरूको सम्झना गऱ्यौं। सहिदहरूलाई सम्मान पनि गऱ्यौं। त्यसो गरिरहँदा मेरो मनमा एउटा प्रश्न उठ्यो, अध्यक्ष महोदय। हामीले सहिदहरूलाई सम्झन त सम्झन्छौं, सम्मानस्वरूप एक मिनेट मौनधारण गर्छौं। तर सहिदहरूका सपना पूरा गर्नका निम्ति कति काम गऱ्यौं? यो प्रश्न चाहिँ मनमा उब्जियो र यहाँ राख्न मन लाग्यो। साँच्चै मुटु छामेर, हृदय छामेर हामीले कबुल गरौं कि हामीले कति काम गऱ्यौं? कहाँ पुग्या छौं आज हामी? सहिदहरूका सपना पूरा गर्ने सन्दर्भमा कहाँ पुग्या छौं? यो चाहिँ एउटा गम्भीर प्रश्न म यो सभासमक्ष राख्न चाहन्छु कि हामी सबै यो परिवर्तनका निम्ति लडेका, सङ्घर्ष गरेका ती सहिदहरू सँगसँगै काम गरेका मान्छेहरू आज सत्तामा छौं या प्रतिपक्षमा छौं। हामी नै छौं नि, अरू त छैन। परिवर्तनपछिको समयमा खासगरी पछिल्लो २०६२/०६३ सालको परिवर्तनपछिको कुरा गर्ने हो भने त हामी नै छौं त। यो करिब २० वर्ष पुग्न लागेको अवधिमा हामीले एउटा संविधान बनायौं, यो गर्वका साथ भन्न सक्छौं। धेरै राम्रो संविधान हामीले बनाएका छौं। जनतालाई अधिकारसम्पन्न बनाएको छ यसले। यो त हामी भन्न सक्छौं गर्वका साथ। तर त्यो संविधानले गरेका व्यवस्थाको कार्यान्वयनका निम्ति हामीले कति काम गऱ्यौं? त्यसले जनतालाई, नागरिकहरूलाई जुन मौलिक हक प्रदान गरेको छ, ती मौलिक हकको उपयोग/उपभोग गर्नका निम्ति जनतालाई हामीले चाहिँ कति सघायौं? कति अवसर प्रदान गऱ्यौं? यो पनि त्यत्तिकै गम्भीर प्रश्न हो भन्ने मलाई लाग्छ।

संविधानले समाजलाई, वर्तमान नेपाली समाजलाई समाजवाद उन्मुख बनाउने, समाजवादतर्फ उन्मुख बनाउने भन्या छ। त्यो निर्देशन गऱ्या छ संविधानले। त्यसअनुसार चाहिँ हामीले कति काम गऱ्यौं? अब धेरै लामो अवधि भ'को छैन भन्ने प्रश्न पनि छ। तर धेरै छोटो अवधि पनि होइन। यो अवधिमा हामीले जति काम गऱ्यौं, यो अवधिसँग तुलना गरेर हेर्यौं भने सन्तुष्ट हुने अवस्था हो कि होइन? भन्ने प्रश्न पनि गर्न चाहन्छु। जहाँसम्म को जिम्मेवारी छ? भन्ने प्रश्न हामी सबै जिम्मेवार छौं भन्ने मलाई लाग्छ। किनभने हामी नै कहिले सत्तापक्षमा हुन्छौं, कहिले प्रतिपक्षमा हुन्छौं। जब हामी सत्तापक्षमा हुन्छौं त्यतिबेला हामीले गऱ्या छौं, गऱ्या छौं भन्छौं, जब हामी प्रतिपक्षमा जान्छौं त्यतिबेला हामीले चाहिँ किन भएन भनेर प्रश्न गर्छौं। मलाई के लाग्छ भने हामी सबै जिम्मेवार छौं। चाहे हामी सत्तापक्षमा हौं, चाहे हामी प्रतिपक्षमा हौं, हामी नै कहिले सत्तापक्ष भएका छौं, कहिले प्रतिपक्षमा भएको छ, या अदलाबदली भएको छ। त्यसकारणले हामी सबै जिम्मेवार छौं। हामी सबै जिम्मेवार भएको यो अवस्थाबाट हामी कसरी अगाडि बढ्ने हो? म आज धेरै बोल्न चाहन्नँ। आगामी अधिवेशनमा चाहिँ हामी के गर्छौं भन्ने मात्र कुरा गरौं भन्ने मलाई भन्न मन छ। आउने अधिवेशनमा कस्ता नीति कार्यक्रमहरू यो

सरकारले अगाडि बढाउँछ? के आज देखा परेका यी गुनासाहरूलाई सम्बोधन गर्न सक्छ? आज जुन खालका, वास्तवमा हामीले राजनीतिक परिवर्तन, राजनीतिक क्षेत्रमा गरिएको परिवर्तनअनुसार आर्थिक र सामाजिक क्षेत्रमा सांस्कृतिक परिवर्तन, सांस्कृतिक रूपान्तरणका क्षेत्रमा आर्थिक सामाजिक सांस्कृतिक रूपान्तरणका क्षेत्रमा काम गर्न नसकेको कारणले जुन खालका प्रश्न उठेका छन्, मेरो मनमासमेत उठेका प्रश्नहरू, अरू व्यापकरूपमा उठेका प्रश्नहरू छन्, स्वयम् व्यवस्थाप्रति संघीय लोकतान्त्रिक गणतन्त्रप्रति, संघीयताप्रति, संविधानप्रति जुन खालका प्रश्नहरू उठेका छन्, ती प्रश्नहरूको समाधान हामी आफैंलाई चित्त बुझ्ने गरी हामीले दिन सक्छौं कि सक्दैनौं? हामीले त्यस खालका नीति कार्यक्रम ल्याउन सक्छौं कि सक्दैनौं? त्यस खालको बजेट हामीले ल्याउन सक्छौं कि सक्दैनौं? विगतमा सांसदहरूको अपनत्व भएन बजेट निर्माणमा भन्ने धारणा रहेको कारणले हामीले यसपटक चाहिँ अध्यादेशमार्फत बजेट संसदमा बजेट प्रस्तुत गर्ने प्रक्रियालाई परिवर्तन गरेर लिएर आयौं। तर त्यो परिवर्तन गरेअनुसार हामीले छलफल गर्न सक्यौं कि सकेनौं? मलाई भन्ने हो भने म चाहिँ सन्तुष्ट छैन। त्यो परिवर्तन गर्नुपर्छ, प्रक्रिया परिवर्तन गर्नुपर्छ, संसदमा छलफल गर्न पर्याप्त समय दिनुपर्छ, सांसदहरूले राखेका सुझावहरूलाई समावेश गरेर सरकारका नीति कार्यक्रम र बजेट बनाउनुपर्छ भन्ने कुरा निर्णय गर्ने बेलामा म आफैं पनि मन्त्रिपरिषद्मा थिएँ। त्यो गर्नुपर्छ भन्ने आवश्यकता लागेर चाहिँ गरौं भन्ने कुरा गरिएको। तर जुन ढङ्गले छलफल चलाइयो र जस्तो होला भन्ने अनुमान छ, त्यसले चाहिँ त्यति सन्तुष्टि दिइरहेको छैन।

त्यसकारणले म यो खासगरी हाम्रो प्रधानमन्त्रीज्यूसँग यो गरौं भन्ने मा अलि जोड गर्ने नै उहाँ पनि हुनुहुन्थ्यो। उहाँसँग आँखा जुधाएर प्रश्न गर्न चाहन्छु कि अब आउने नीति कार्यक्रम र बजेट त्यसअनुसार चाहिँ आउँछ कि आउँदैन? आजसम्मका प्रश्नहरूको समाधान दिन हामी सक्छौं कि सक्दैनौं? यदि सक्यौं भने आज जुन खालको चाहिँ यो सत्ताको अदलाबदलीले अस्थिरता सिर्जना गर्‍यो, केही काम गर्न सकेनन्, राजनीतिक दलहरू खाली सत्ताका निम्ति मात्रै केन्द्रित भए भन्ने छ, त्यो सबै सकिनेछन्। सबै प्रश्नको, सबै आलोचनाको, सबै गुनासोको समाधान हुने छ, एकमुष्ट समाधान हुने छ। तर अहिले पनि हामीले त्यस खालको नीति कार्यक्रम ल्याउन सकेनौं, समाजमा गुणात्मक परिवर्तन गर्न सक्ने खालको नीति कार्यक्रम ल्याउन सकेनौं, त्यस खालको बजेट ल्याउन सकेनौं भने हाम्रा प्रतिका प्रश्नहरू अझै बढी उठ्नेछन्, अझै बढी गम्भीर हुनेछन् र हामीले अझै गम्भीर चुनौतीको सामना गर्नुपर्ने हुन सक्छ भन्ने मलाई लाग्छ। त्यसकारणले म त के मात्रै अनुरोध गर्न चाहन्छु भने यो अधिवेशनमा नेपाली समाजको वर्तमान अवस्थालाई गुणात्मक रूपले परिवर्तन गर्न दिशा निर्देश गर्ने खालका

नीति कार्यक्रम आउन्। ती नीति कार्यक्रमलाई कार्यान्वयन गर्ने खालको बजेट आओस्। र अब मुलुक प्रगतिको दिशामा अगाडि बढ्न थाल्यो भन्ने सन्देश दिन सकियोस्। यदि त्यसो भो' भने हाम्रा यी आन्तरिक गुनासाहरू पनि सकिनेछन् भन्ने धारणा व्यक्त गर्दै र यही शुभकाममा पनि राख्दै बिदा हुन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव।

(१५:२१ बजे) **माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी, नेपाल)**ः- सम्माननीय अध्यक्ष महोदय, आज २६ दिनपछि सोह्रौं अधिवेशन, पन्ध्रौं अधिवेशन २६ दिन पहिले सकिएको र आज सोह्रौं अधिवेशन आरम्भ भएकोमा सबभन्दा पहिले यो अधिवेशन पूर्णरूपेण सफल होस् भन्ने कामना गर्न चाहन्छु। र नेपाल सरकारको सिफारिसमा सम्माननीय राष्ट्रपतिजीद्वारा मनोनीत माननीय डाक्टर अन्जान शाक्यजीलाई सफल कार्यकालको शुभकामना दिन चाहन्छु। उहाँको सफल कार्यकाल होस् र जनताको लागि उहाँको बुद्धि विवेक सबै राम्रोसित काम गरोस् भनेर शुभकामना दिन चाहन्छु।

र योबिचमा वन डढेलोबाट, आगलागीबाट र सवारी दुर्घटनाबाट र भूकम्पमा परी विभिन्न धनजनको क्षति भएको छ। त्यसको लागि दुःख प्रकट गर्दै र त्यसमा मृत्यु हुनेहरूको लागि हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। र जति धनजनको क्षति भएको छ, निश्चित रूपमा आगलागीमा चाहिँ धेरै नै ठुलो क्षति तराईतिर, मधेसतिर भएको छ। त्यसमा सरकारको चाहिँ विशेष ध्यान जाओस्। राहतको लागि र उनीहरूको खान, बस्न, आदिको लागि चाहिँ विशेष ध्यान जाओस् भन्ने म आग्रह गर्न चाहन्छु।

अब जहाँसम्म संविधान निश्चित रूपमा सहमतिमा त्यो यहाँ तीनटा ठुला दल जो हुनुहन्छ, त्यसको सहमतिमा बनेको हो। हामीले पनि थियौं तर हाम्रा केही अहिले पनि संविधानमा केही पूरा भ'को छैन। हामी सहमति धेरै कुरा त पूरा भएको छ, त्यो पनि धेरै बाँकी नै छ। अहिले पनि हामी संशोधन चाहन्छौं, त्यसमा। तापनि यो तीनटा दलको सहमति नभएको भए त्यतिखेर त्यो निश्चित रूपमा यो संविधान बन्ने थिएन। तर कार्यान्वयन गर्ने बेलामा फेरि सहमति भएन भने त कार्यान्वयन पनि हुँदैन। तर यहाँ सत्ताको लुछाचुँडीमा चाहिँ सहमति हुन सकिरहेको छैन। सरकार निश्चित रूपमा सत्तामाथि यही तीनवटा दल सधैं चाहिँ सम्माननीय प्रधानमन्त्रीको दायित्व त यही तीनटा दलका नेताले निर्वाह गर्नुभएको छ। अब त्यसमा चाहिँ कहिले कहिले के हुन्छ भने यो साढे साढेको जुधाइ र बाच्छाको मिचाइ, त्यसमा हामी जस्तो दलहरू, सानो दल पर्छ।

त संविधान निश्चित रूपमा संविधानमा संघीयताको पनि कुरा छ। संघीयता हामी ल्याउँ तर संघीयता कार्यान्वयन भएको छैन। बेलाबेलामा माननीय मुख्यमन्त्रीजीहरू आएर चाहिँ यहाँ डेलिगेसन लिएर आउनुहुन्छ, धर्ना दिनुहुन्छ, धर्ना दिन्छौं हामी भनेर चाहिँ प्रधानमन्त्रीजीलाई मिटीङ गर्नुहुन्छ। त्यसैले त्यसमा चाहिँ त्यसको लागि पनि त्यतातिर निश्चित रूपमा यो तीनटा ठुलो दलको चाहिँ ध्यान जानुपर्ने हो। जे हामीले ल्याएको छौं, त्यसमा चाहिँ अब त्यहाँ मुख्यमन्त्री सातवटा सरकार छ तर त्यहाँ कर्मचारी हुँदैन। विभिन्न ऐनहरू, नियम, कानुनहरू यस्ता चाहिँ बनाउन भइरहेको छैन। हाम्रो यो विगतको पन्ध्रौं अधिवेशन जसलाई विधेयक अधिवेशन भन्थ्यौं। तीनवटा विधेयक मात्रै पास गर्‍यो। त्यो सहमति भएको भए, ठुला दलहरूमा सहमति भएको भए त निश्चित रूपमा त्यतातिर चाहिँ हामी काम गर्न सक्थ्यौं। त्यो संघीयतालाई पूर्णरूपेण लागु गर्न चाहिँ विभिन्न ऐन, नियम, कानुन पास गर्न सक्थ्यौं। तर त्यो चाहिँ भएन। म त त्यही तीनटा ठुलो दललाई जनताले निश्चित रूपमा बढी विश्वास यही तीनटा ठुलो दलमा गर्‍या छ। हामीलाई थोरै विश्वास गर्‍या छ, हामी थोरै जिम्मा लिन्छु। तर जसले बढी विश्वास गरेको दलहरूले चाहिँ बढी जिम्मा लिनुपर्छ। त्यो अहिले चाहिँ निश्चित रूपमा यो व्यवस्थाका विपक्षमा विभिन्न कुरा, विभिन्न किसिमका कुराहरू उठिरहेको छ। त्यसलाई चाहिँ जवाफ दिनको लागि पनि त्यसलाई चाहिँ गर्नको लागि पनि चाहिँ निश्चित रूपमा हामीले सोच्नुपर्छ, सहमतिको आधारमा चाहिँ जानुपर्ने हो। आफ्नै गोरुको बाह्रै टक्का भनेर भन्यो भने त निश्चित रूपमा चाहिँ हामी जनताको जो आकांक्षा छ, सहिदको जो सपना थियो, त्यो पूरा गर्न सक्दैनौं।

जहाँसम्म अब सहकारी पीडितको, कति जुत्ता सिएर, बाटोबाटोमा चाहिँ मकै पोलेर चाहिँ जम्मा गरेको पैसा चाहिँ अपचलन भएको छ, अरबौं अरबौं अपचलन भएको छ। त्यसमा चाहिँ राजनीति अहिले भइरा' छ। तिनीहरूले पैसा कसरी पाउने, अपचलन गर्नेले कसरी गर्ने, त्यसमा पनि राजनीति सुरु छ। त्यो गर्‍यो भने त कसरी हामी चाहिँ जनताको पक्षमा काम गरिरहेको छौं भनेर भन्छौं? जम्मै दलीय व्यवस्थामाथि नै चाहिँ प्रश्न उठ्न थालेको छ। कि दलहरू जनताको लागि होइन एकदम स्वार्थी भए, सबै नेताहरू स्वार्थी भए, सत्ताको लागि लुछाचुँडी मात्रै गरे। त्यस किसिमका चाहिँ एउटा भाष्य स्थापित भइरा' छ जनताको बिचमा। त्यो हामीले निश्चित रूपमै सोच्नुपर्ने।

अन्तमा म बढी चाहिँ अहिले नभनौं। अब नीति तथा कार्यक्रम र बजेटको सेसन नै हो। यो सोह्रौं अधिवेशन त्यसैको लागि हो। र त्यसमा चाहिँ निश्चित रूपमै सरकारले पनि सबभन्दा बढी निश्चित जो सरकारमा हुन्छ, सरकारको दायित्व सबभन्दा बढी हुन्छ। कि कसरी

जनतालाई, कसरी प्रतिपक्षलाई, कसरी सबैलाई चाहिँ चित्त बुझ्ने गरी सहमतिमा लग्ने चाहिँ दायित्व सरकारको हो। त्यो सरकार चाहिँ त्यसमा गम्भीर रूपमा सोचोस् त्यस विषयमा।

अन्तमा, यो एउटा जुन विधेयकहरू खास गरेर राष्ट्रिय मर्यादा सम्बन्धी विधेयक, जुन हामी राष्ट्रिय सभाबाट सर्वसम्मतिबाट पास गरेर चाहिँ प्रतिनिधिसभामा छ। त्यसलाई त्यसै थन्काएर राखिएको छ। त्यसैले निश्चित रूपमा चाहिँ त्यसले जे संशोधन गर्नु छ, जे गर्नु छ गरेर त्यसलाई पनि चाहिँ फिर्ता यहाँ पठाइयोस् भन्ने आग्रह गर्दै र सफल, फेरि यो अधिवेशन पूर्ण रूपमा सफल होस्। र त्यसमा सम्माननीय अध्यक्षको पनि पूर्णरूपेण सकारात्मक भूमिका रहनेछ भने आशा राख्दै, विश्वास राख्दै बिदा हुन चाहन्छु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य शेखर कुमार सिंह।

**(१५:३१ बजे) <u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज हामी सोह्रौं अधिवेशनमा छौं र यसलाई बजेट अधिवेशन पनि भनिन्छ। र बजेट अधिवेशनमै हामी छौं। यो अधिवेशन सौहार्दताको रूपमा, सद्भावको रूपमा सफल होस् र यो राष्ट्रिय सभाको जुन गरिमा छ, त्यो कायम राख्दै यो अधिवेशनको सफलताको कामना गर्दछु।

सम्माननीय अध्यक्षज्यू, यो बेलामा देशमा वन डढेलोलगायत अग्नि पीडितको पनि सङ्ख्या कमी रहेन। त्यसबाट मधेस पनि अछुतो रहन सकेन। त्यहाँको अवस्था यस्तो छ कि त्यहाँ बास बस्ने मान्छेको उपाय छैन। तर त्यहाँ सरकारको उपस्थिति देखिएन। त्यति मात्र होइन सम्माननीयज्यू, केही दिनअगाडि भूकम्प पीडित क्षेत्रमा हाम्रो समितितर्फबाट रुकुम, जाजरकोटहरूमा पनि हामी पुगेर आएको छौं। त्यहाँ पनि का अवस्था जति हामीले गर्नुपर्ने हो, त्यति हामी गर्न सक्या छैन त्यहाँका जनताप्रति पनि। घरविहीन छन्। सँगै त्यहाँका उद्योगी व्यवसायीहरू सबै सम्पत्ति त भूकम्पले लग्यो उल्टै बैङ्कले १५ दिनभित्र तिमी कर्जा चुक्ता गर्दैनौं भने तेरो सम्पत्ति लिलाम गर्दिन्छु भन्ने threat पनि उल्टै दिइराख्या छ। म योभन्दा अगाडिको सदनमा पनि बोल्या थिएँ। त्यस्तामा पनि विचार गरिदिनुपर्छ सरकारले। सम्माननीज्यू, हामी मधेस प्रदेशका ज्वलन्त अवस्थाको बारेमा भन्न चाहिराख्या छु। पहिले जहाँ १७ फिट, १८ फिट, २२ फिटमा tube well लाग्थ्यो। आज त्यहाँ १०० फिट जाँदा पनि पानी छैन। पानीको हाहाकार भइराख्या छ। यो पानीको व्यवस्था कहाँबाट गर्ने हामी? त्यसमा पनि सरकार गम्भीर भएर हेरिदिनुपर्‍यो।

सँगै सम्माननीयज्यू हामी जिल्लातिर जान्छौं। जिल्लामा गएर एउटा नयाँ अवस्था अहिले सिर्जना भा' छ सम्माननीयज्यू। राणाकालीन अवस्थादेखि नै हुनत सबै ठाउँमा होला तर मधेसमा पर्दछ। सबै गाउँगाउँमा पोखरी छ। राणाकालीन अवस्थामा के हुन्थ्यो भने कसैको पोखरीमा कोही डुबेर मर्‍यो भने सम्बन्धित पोखरीवालालाई खुन मुद्दा लाग्थ्यो। त्यसपछि दौडाहाहरू गए, त्यसमा संशोधन भए, संशोधनमा के आयो भने ल ठिक छ, पोखरी धनीकै नाउँमा कायम गर्दिनु। जसको पोखरी थियो, त्यसैलाई मिल्ने बनाइदियो। मिल्ने बनाइयो, आजसम्म सबैले भोग गर्दै आएको थियो। बेलाबेलामा के भइराख्या छ ठाउँ ठाउँमा सरकारको नियत हो कि अब मधेसमै म देख्छु यस्ता कुरो केन्द्रित भइराख्या छ, मलाई बाध्य भएर भन्नुपर्‍या छ। अब त्यस्ता पोखरी जसको जीजुबुवाले खनाएर दिएर गएको, जसको हजुरबुवाले खनाइदिएर गएको, आज आएको स्थानीय सरकारले त्यसलाई होइन, यो तेरो होइन, यसलाई त हामी ठेक्का व्यवस्थापन गर्छौं। के त्यसैलाई ठेक्का व्यवस्थापन गर्नलाई उसको बाउबाजेले पोखरी खनाएर दिएर गा' हो? कसले हेरिदिने यस्ता मार्काहरू? यसमा सरकार गम्भीर बन्नुपर्छ। र सम्माननीयज्यूमार्फत मैले सरकारलाई आग्रह गर्न चाहन्छु, यसलाई यथाशीघ्र व्यवस्थापन होस्। कुनै स्थानीय सरकारले पोखरी खनाएको छ भने त्यसलाई उसले गरोस् नि। जो चार पुस्ता/पाँच पुस्तादेखि भोगी आएका पोखरीहरू रोक्दिने त? अस्तिसम्म उसले उल्टै राज्यलाई tax पनि दिइराख्या छ, त्यो पोखरी धनीहरूले। त्यसमा पनि अब तेरो बिटो यहाँ काट्दिन, तेरो पैसा लिँदैन, अब यसलाई हामी ठेक्का व्यवस्थापन गर्छौं। यस्ता अन्याय चाहिँ नहोस्। किनकि यो अन्यायले एउटा ठुलो जटिलता सिर्जना गर्छ। कसैले आफूले दिएको सम्पत्ति कसैको सन्तानले छोड्नेवाला छैन। त्यसमा सरकारले गम्भीरतापूर्वक अहिले ध्यान दिएन भने पछि चाहिँ अलि नराम्रो तर्फ पनि एउटा कोर्स छिरेर जान सक्छ। म त्यसलाई म पनि ध्यान दिन चाहन्छु।

साथै बजेट अधिवेशन आइराख्या छ। मैले पटकपटक भन्दै आएको छु। अहिले पनि हामी कोशी पीडित क्षेत्रका मान्छे पनि छौं। अहिलेसम्म कुनैले फत्तेपुर खण्डको इनरुवा बेली खण्ड जो पुरानो सडक छँदै थियो, आईसीएम प्रोजेक्टले बनाएर १९६१ स्पीडमा गएको स्तरोन्नति हुन पा' छैन। र हाम्रो सडकको नाममा ती मात्र एउटा सडक हो। त्यसैले सरकार ध्यान दिएर यो बजेटमा समावेश गरियोस् भन्ने पनि म माग राख्न चाहन्छु सरकारसँग सम्माननीयज्यूमार्फत।

र अहिलेको अवस्थामा राजनीतिक परिस्थिति पनि आइसक्यो। म धेरै बोल्न चाहन्नँ। तापनि हामी सबैले समझदारी कायम गरिएन र सबैको सहअस्तित्व हामीले स्वीकारिएन भने के त यस्तै प्रजातन्त्र चल्ला र? यस्तै गणतन्त्र रहला? र ह्यापनि लिओना हाम्रो पनि पिता पुर्खा

हामीसँग पनि त योगदान पुर्‍याएको छ नि। के छ हामी बसेर अहिले सबै शीर्षस्थ पार्टीहरू जसरी केहीबेर अगाडि अध्यक्षज्यूको कार्यकक्षमा बसेर हामी सबै छलफल गर्‍यौं नि, त्यसरी माहोल बनोस् नि। सरकारले माहोल बनाएर, सरकार त अभिभावक हो। अभिभावकले कुरो नसुन्दिए त कसले कुरो सुन्ने? अभिभावकले सबैलाई समेटेर आजको जो issue हो, त्यसलाई सम्बोधन गर्नुपर्छ. त्यसलाई सम्मानका साथ हेर्नुपर्छ र जसरी हाम्रो राष्ट्रिय सभा चलिराख्या थियो, त्यस्तै अक्षुण्ण रूपमा चलिरहनुपर्छ भन्दै म आफ्ना शुभकामना दिँदै म आफ्नो यहीँ अन्त गर्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

(१५:४० बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी सोह्रौं अधिवेशनको संघारमा छौं। सर्वप्रथम म यो सोह्रौं अधिवेशन पूर्ण रूपमा सफल होस् र यसले देश र जनताको आवश्यकता पूर्ति गर्ने खालको उनीहरूको इच्छा र चाहनाअनुसारको नीति र कार्यक्रमहरू लिएर आओस्। यही शुभकामना दिन चाहन्छु। यसका साथै यहाँ मनोनीत भएर आउनुभएका डाक्टर अन्जान शाक्य, उहाँको पनि सफल कार्यकालको शुभकामना चाहिँ दिन चाहन्छु उहाँलाई। र उहाँको योग्यता, क्षमता यो देशको उत्पीडित, गरिब, निमुखा जनताहरूको हक हितको लागि र यो देशको राष्ट्रियता, जनतन्त्र, जनजीविकालाई सबल बनाउने पक्षमा उहाँको दिल दिमाग खर्च होस्, यो पनि शुभकामना दिन चाहन्छु।

र आज यस बजेट अधिवेशनको सुरुवातमा देशमा थुप्रै घटनाहरू घटेका छन्, दुर्घटनाहरू भएका छन्। त्यसबाट धेरै धनजनको क्षति भएको छ। भूकम्पले धेरै जनताहरूको, उनीहरूको दैनिक जीवन कष्टकर बनायो। त्यस्तै दुर्घटनाबाट धेरै मानिसहरूको ज्यान गएको छ। भर्खरै ताजा घटना देशको ठुलो भूभागमा आगलागी भएको छ। यो आगलागीले धेरै ठुलो क्षति पुगेको छ। जङ्गली जन्तु जनावर र वनस्पतिको नाश भएको छ। अर्कोतिर जनताका घरबारहरू जलेका छन्। पशु चौपायाहरूको ज्यान गएको छ, डढेर। र यसले धेरै हानि पुर्‍याएको छ। यतातिर यसबाट पीडित सम्पूर्ण जनताहरू मृतकप्रति श्रद्धाञ्जली ज्ञापन गर्न चाहन्छु र अन्यप्रति समवेदना प्रकट गर्न चाहन्छु। र यी दुर्घटनाहरूतर्फ सरकार संवेदनशील बन्नको लागि पनि मैले आग्रह गर्न चाहन्छु।

अब यहाँ व्यापक रूपमा उठिरहेको छ कि सहकारी, मिटर ब्याजी र यसबाट पीडित लाखौं लाख जनताहरू बारम्बार सडकमा चाहिँ उत्रिएका छन्। र सरकारसँग आफ्नो न्यायको लागि माग गरिरहेका छन्। तर सरकारले उनीहरूको समस्याको सम्बोधन गर्न सकेको छैन अहिलेसम्म। अब यो समस्या हुँदाहुँदा आज सत्ताभित्र पनि पसिसकेको छ। र हाम्रो माननीय गृहमन्त्रीज्यूको बारेमा व्यापक चर्चा परिचर्चा आइरहेको छ। उहाँमाथि सहकारीको अरबौं रकम अपचलन गरेको चाहिँ आरोपहरू आइरहेको छ। त यस्तो अवस्थामा स्वयम् गृहमन्त्रीजी आफैं सचेत भएर उहाँमाथि त्यत्रो आरोप आएपछि यदि उहाँ स्वच्छ हुनुहुन्छ भने उहाँले आफैं राजीनामा दिएर छानबिन गर्नको लागि मार्ग प्रशस्त गर्नुपर्ने हो। तर आज त्यसको उल्टै उहाँलाई सफाई दिनको लागि महान्यायाधिवक्ताहरू, पुलिसका प्रमुखहरू आएर उहाँहरूलाई चाहिँ नि clean chit दिने चाहिँ नि यो नाटक जुन गरिँदैछ, यो कुनै पनि democratic शासनको लागि यो सुहाउने कुरा होइन। हामीले आफूलाई गणतन्त्रवादी भन्छौं, आफूलाई प्रजातन्त्रवादी भन्छौं, अझ कम्युनिष्ट भन्छौं त्यसमाथि पनि। हामी सरकारमा छौं, हाम्रो नेतृत्वमा चाहिँ सरकार छ। तर हामी के गरिरहेका छौं र के हेरिरहेका छौं? यसलाई पनि मूल्याङ्कन गरौं हामीले। आफूले आफैंलाई आत्मसमीक्षा गरौं। यदि आत्मसमीक्षा गरेर हामी अगाडि बढ्न सकेनौं भने निश्चित रूपमा यसको परिणाम राम्रो आउँदैन। त्यो निश्चित छ।

र यसका साथै अर्को कुरा चाहिँ नि म यहाँ स्मरण गराउन चाहन्छु, भर्खरै हाम्रो सरकारी निर्णय नै होला, यो सरकारी निर्णय १०० को नोटमा नेपालको नक्सा, नयाँ नक्सा चाहिँ छाप्ने कुरो बाहिर आएको छ। यो कुरो बाहिर आउँदासाथ मिडियामा चाहिँ के आयो भने हाम्रो छिमेकी राष्ट्रका नाइकेहरूको टाउको दुखेको कुरा आयो। उहाँहरूको साह्रै शिरदर्द भएर उहाँहरूले आफ्नो प्रतिक्रिया पनि व्यक्त गर्नुभएको छ। सधैं नेपालमा केही नयाँ चिज हुन थाल्यो भने हाम्रो छिमेकीलाई टाउको दुख्छ। उहाँहरूलाई चाहिँ नि पेट दुख्छ। र हामी देख्ने गरेका छौं यो छोटे भाइ र बडे भाइको चाहिँ जुन व्यवहार हो, परम्परादेखि चल्दै आएको त्यसमा अझै सुधार भएको छैन। र उहाँहरूले जहिले पनि छोटे भाइको व्यवहार चाहिँ देखाउन चाहनुहुन्छ। यो गलत छ। सरकारले यस कुरालाई दह्रो भएर चाहिँ नि सामना गर्नुपर्छ र जवाफ दिनुपर्छ। हामी छोटे भाइ र बढे भाइ होइनौं, दुइटै समान भाइ हौं। अलग राष्ट्रियता, अलग सार्वभौमिकता भएको देश चाहे त्यो चाहिँ नि सीमानामा, भूमिमा सानो ठुलो होला तर हैसियतमा चाहिँ नि समान हुन्छ। यो अन्तर्राष्ट्रिय मान्यता हो।

र यहाँ चाहिँ नि बोल्दै गर्दाखेरि के कुरो पनि आयो भने यहाँ चाहिँ सरकारले जल्दाबल्दा समस्याहरूलाई सम्बोधन गर्न नसकेको कुरा हामीले मात्र होइन सत्तामा भएका चाहिँ साथीहरूले,

माननीयज्यूहरूले पनि स्वीकार्नुभा'को छ। र यहाँ चाहिँ संघीयता नचाहनेहरूले हामीलाई किनारा लाउन सक्छन् है आत्मसमीक्षा गरौं भन्नुभयो। त्यो उहाँहरूको चाहिँ नि त्यो सचेतताको लागि मैले धन्यवाद दिन्छु। तर संघीयता चाहिँ नि नचाहनेहरू सबै एउटै चाहिँ नि डालोमा हाल्ने खालका छन् कि छैनन्? तपाईंहरूले त्यो पनि चाहिँ नि विचार गर्नुहोला। कतिपय संघीयता नचाहनेहरू कस्ता छन्, राष्ट्रियता, यहाँको गणतन्त्र, धर्म निरपेक्षता, संघीयतालाई एउटै कुम्लोमा जाने बाँधेर फाल्ने चाहिँ खालका छन्, संघीयता नचाहने पनि छन्। संघीयता नचाहने हामी पनि हो। तर हामीले राष्ट्रियता, गणतन्त्रलाई जोगाउनको लागि यो संघीयता यो देशको लागि महँगो भयो। यो देशले थेग्न सक्दैन। यसलाई चाहिँ सर्वसुलभ गराउनुपर्‍यो। यो देशको चाहिँ नि आफ्नो औकातले थाम्ने खालको शासन व्यवस्था हुनुपर्‍यो भन्ने हाम्रो मान्यता हो। संघीयता नै चाहिन्न भन्ने होइन। यो हाम्रो देशको लागि उपयुक्त छैन भन्ने मात्रै हो। संघीय शासन त एउटा मोडेल न हो। एकात्मक शासन कि संघीयता शासन? त्यो कुन खालको देशमा, कस्तो खालको पपुलेसन भएको ठाउँमा, कस्तो खालको एउटा चाहिँ त्यसको भूगोल भएको ठाउँमा त्यो लागू गर्ने भन्ने त्यसका आफ्नै सिद्धान्त छन्। त्यसैले यो संघीयता चाहिँ यहाँ कोही राजतन्त्र फाल्न चाहनेले पनि संघीयताको विरोध गर्छौं। तर हामी चाहिँ नि राजतन्त्र फर्काउने संघीयतावादी, संघीयता विरोधी होइन। हामी गणतन्त्र जोगाउने, राष्ट्रियता जोगाउने, धर्म निरपेक्षता जोगाउनुपर्छ भन्ने चाहिँ हाम्रो मान्यता हो। र यहाँ चाहिँ म निवेदन गर्न चाहन्छु कि यो अधिवेशन विगतको अधिवेशनमा हाम्रो के कति कमीकमजोरी रहे, के कति कुरामा हामीले डेलिभरी दिन सकेनौं, अहिलेको यो सेसनमा त्यसको मूल्याङ्कन गरेर आगामी सोह्रौं अधिवेशनलाई अत्यन्त उपलब्धिमूलक गराउनको लागि सम्माननीय अध्यक्षज्यूले महत्त्वपूर्ण भूमिका खेल्नुहुनेछ भन्ने मैले आफ्नो विश्वास व्यक्त गर्दै आफ्नो भनाइ यहीँ टुङ्ग्याउन चाहन्छु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म सभाको बैठकमा पहिलोपटक उपस्थित माननीय सदस्य डाक्टर अन्जान शाक्यलाई आफ्नो प्रतिबद्धता मन्तव्य राख्नको लागि समय उपलब्ध गराउँछु। समय ६ मिनेट।

**(१५:५१ बजे) <u>माननीय डाक्टर अन्जान शाक्य (मनोनीत)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यस गरिमामय राष्ट्रिय सभाको बैठकमा पहिलोपटक सम्बोधन गर्न पाउँदा खुसी र गौरवान्वित भएको छु। यस सदनमा केही भनाइहरू राख्ने अनुमति चाहन्छु। नेपाली जनताको बलिदानपूर्ण र दीर्घ सङ्घर्षबाट हामीले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेका छौं। म यस सदनमा उभिएर

पहिलोपटक सम्बोधन गर्दैगर्दा सर्वप्रथम यस उपलब्धिका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्नुहुने अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। त्यसैगरी हामीलाई यी उपलब्धिहरूको प्राप्तिमा मार्गदर्शन दिनुहुने सम्पूर्ण अग्रजहरूप्रति सम्मान अर्पण गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, नेपालमा पटक पटक ठुला राजनीतिक परिवर्तनहरू भएका छन्। तर जनताको जीवनमा अपेक्षाकृत सकारात्मक परिवर्तन हुने क्रम भने सुस्त गतिमा छ। आज हामीले सबभन्दा बढी गम्भीरतापूर्वक सोच्नुपर्ने विषय यही नै हो। हाम्रो संसद जो जनताको सर्वोच्चताको प्रतिनिधि संस्था हो, जसले सार्वभौमसत्तासम्पन्न जनताको सार्वभौमसत्ताको सही ढङ्गले प्रतिनिधित्व गर्दछ र प्रयोग गर्दछ। यस्तो गरिमामय संसदले आज हामीले प्राप्त गरेको लोकतान्त्रिक प्रणालीको रक्षा गर्दै समग्रमा देश र जनताको हितमा काम गर्दै सुशासन र समृद्धिको बाटोमा अगाडि बढ्नुपर्दछ। जसले गर्दा हामीले जनताको अपेक्षालाई सम्बोधन गर्न सक्दछौं। तसर्थ भ्रष्टाचारको नियन्त्रण र अन्त्य गर्ने कुरामा प्रशासनिक व्यवधानहरूलाई सहजीकरण गर्ने र हटाउने कुरामा जनतालाई संविधान प्रदत्त हकहरूको उपभोग गर्ने परिस्थिति निर्माण गर्ने कुरामा, जनतालाई राज्यले उपलब्ध गराउनुपर्ने सेवा सुविधाहरू सहजताका साथ उपलब्ध गराउनुपर्ने कुरामा, विकास निर्माणका सम्पूर्ण पक्षहरूलाई सन्तुलित ढङ्गले अगाडि बढाउनुपर्ने कुरामा सबै पक्षले ध्यान दिन जरुरी छ। यसका निम्ति असान्दर्भिक भइसकेका कानुनहरूको परिमार्जन र परिवर्तन, सही नीतिको निर्धारण, सही योजनाको तर्जुमा र त्यसको प्रभावकारी कार्यान्वयनमार्फत अगाडि बढ्न सक्नुपर्दछ। अनि मात्र हामीले प्राप्त गरेका परिवर्तन र उपलब्धिहरूको अर्थ रहन्छ।

सम्माननीय अध्यक्ष महोदय, विज्ञानका यति धेरै विकास भइसकेको अवस्थामा उत्पादन र उत्पादकत्वको वृद्धि भइरहेको अवस्थामा एउटा ठुलो प्रतिशत मानिसहरू निरपेक्ष गरिबीको रेखामुनि हुनु, भोकमरी र अभावको जिन्दगी बाँच्न विवश हुनु आजको विकास र सभ्यताको उपहास हो। त्यसैले हामीले गरिबी, भोकमरी जस्ता एउटा दुःखदायी दृष्टान्तलाई अन्त्य गर्नुपर्दछ। हाम्रा प्रयासहरू पहिले यस दिशामा केन्द्रित गर्नुपर्दछ र समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षालाई सम्बोधन गर्नुपर्दछ। देशको विकास गर्नु ती जनआकाङ्क्षाहरू अझै पूरा गर्न बाँकी छ। ती आकाङ्क्षाहरू पूरा गर्नका लागि कोही पनि पछाडि पर्नुहुँदैन। संयुक्त राष्ट्र संघले दिगो विकास लक्ष्यका मूल १७ वटा लक्ष्यहरू र १६९ वटा सहायक लक्ष्यहरू निर्धारण गरेको छ। यी लक्ष्यहरू हासिल गर्न हामीले कृषि क्षेत्र, त्यसको आधुनिकीकरण, व्यवसायीकरण, उद्योग व्यापार, विज्ञान प्रविधि, पर्यटन सेवाका क्षेत्रहरू र विकासका निम्ति पूर्वाधारको निर्माण आदिमा ध्यान दिनुपर्दछ। यसका लागि राम्रो शिक्षा, व्यवसायिक तालिमहरू तथा उद्यमशीलताको

विकास र त्यसमार्फत रोजगारीका अवसरहरूको सिर्जना र प्रविधिको विकासमार्फत उत्पादनको अभिवृद्धि जस्ता कामहरूमा ध्यान पुर्याउनुपर्दछ। यस्तै समाजका सबै क्षेत्रहरू बालबालिका, महिला, एकल महिला, पछाडि परेका समुदायहरू, ज्येष्ठ नागरिकहरू, अपाङ्गता भएका व्यक्तिहरूसमेत सबैको हेरचाह गर्नुपर्दछ। यस्तै मानवीय अधिकार हाम्रो संविधानले व्यवस्था गरेका सबै मौलिक अधिकारहरू र तिनका प्रत्याभूति गरिनुपर्दछ। सँगसँगै देशको सार्वभौमसत्ता, स्वाधिनता, स्वतन्त्रता, भौगोलिक अखण्डता र राष्ट्रिय हितको रक्षा र सम्बर्धन गर्नुपर्दछ। हामीले हामी नेपाली भन्ने राष्ट्रियताको भावना जगाउनुपर्दछ। यस्तै समाजको सामाजिक मूल्य र मान्यताहरू, सांस्कृतिक पक्षहरू हाम्रो सभ्यता, हाम्रो इतिहास, हाम्रो गौरवका यी कुराहरूमा ध्यान दिनुपर्दछ। यी कामहरूमा आफ्नो योगदान दिनका लागि म यस संसदमा आफ्नो प्रयास अगाडि बढाउनेछु। यसअघि मैले कूटनीति र व्यवस्थापनका क्षेत्रमा गरेका अनुभवहरूलाई लिएर एउटा सांसदको हैसियतले देश र जनताको पक्षमा बढीभन्दा बढी सकारात्मक ढङ्गले उपलब्धि हुने गरी आफूलाई समर्पित गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।

अन्तमा मलाई यस गरिमामय राष्ट्रिय सभाको सदस्यमा मनोनीत गर्नुहुने सम्माननीय राष्ट्रपतिज्यू, मलाई सिफारिस गर्नुहुने सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालज्यू र मन्त्रीपरिषद्का सदस्यज्यूहरूलाई धन्यवाद दिन चाहन्छु। त्यसैगरी यो परिस्थिति निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्नुहुने पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष श्री केपी शर्मा ओलीज्यूलाई पनि धन्यवाद दिन चाहन्छु। साथै प्रत्यक्ष परक्ष रूपमा सकारात्मक भूमिका खेल्नुहुने सबैप्रति आभार व्यक्त गर्दछु। आज मलाई शुभकामना तथा बधाई दिनुहुने सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरूलगायत सबै माननीयज्यूहरूलाई र कर्मचारीज्यूहरूलाई पनि धन्यवाद दिन चाहन्छु। र अन्तमा बजेट अधिवेशनमा .....(समय सकिएको)।

**(१५:५७ बजे) सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब यो बैठक आजै ४:१७ मिनेटमा बस्ने गरी स्थगित हुन्छ।

(तदनन्तर, यो बैठक आजै ४:१७ मिनेटमा बस्ने गरी स्थगित भयो)।

**स्थगितः १५:५९ बजे।**

(१६:२४ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, ४ बजेर १७ मिनेटमा बस्ने गरी स्थगित गरिएको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट संवत् २०८१ साल जेठ १ गते मङ्गलबार अपराह्न ३ बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन हुने हुँदा सम्पूर्ण माननीय सदस्यहरूलाई सोही दिन अपराह्न २:४५ बजेभित्रै प्रतिनिधिसभा बैठक कक्षमा प्रवेश गरी आफ्नो आसन ग्रहण गरिसक्नुहुन अनुरोध गर्दछु। साथै माननीय सदस्यहरूका लागि निर्धारण गरिएको औपचारिक पोसाकमा उपस्थित भइदिनुहुनसमेत अनुरोध गर्दछु। माननीय सदस्यहरू, अब म माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीलाई .....

के होला माननीयज्यूहरू?

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो स्थानमा उभिनुभएको)।

(१६:२५ बजे) **<u>माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, संसदीय व्यवस्थामा संसद प्रतिपक्षको र सरकार सत्तापक्ष भनिन्छ। संसदमा प्रतिपक्षले उठाएका मुद्दाहरूलाई सरकारले सुन्ने र मुद्दालाई सम्बोधन गर्नुपर्ने हो। तर यहाँ आम नेपालीले जम्मा गरेको बचत रकम हिनामिना, दुरूपयोग, अपचलन र ठगी भएको तथ्य आम नेपालीको चासो, चिन्ता र सरोकारको विषय भइसकेको छ। लाखौं बचतकर्ता मानिसको अर्बौं रकम सहकारीबाट हिनामिना भई अपराधजन्य काम भएका छन्। यस कार्यमा नेपाल सरकारको उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछाने संलग्न रहेका प्रशस्त प्रमाणहरू छन्। चाहे पोखराको सूर्यदर्शन सहकारीको बचत हिनामिनासम्बन्धी पोखरा महानगरपालिकाले गठन गरेको छानबिन समितिले दिएको प्रतिवेदन होस् वा CIB को प्रतिवेदनले दिएको प्रतिवेदन होस्। त्यस्तै रूपन्देही जिल्ला अदालतमा कृष्णप्रसाद खरेलसमेतका १,८३१ जनाको गोरखा मिडिया नेटवर्कसहितलाई दिएको जाहेरी होस्।

सम्माननीय अध्यक्ष महोदय, सहकारी ठगीमा संलग्न मानिसहरूलाई बचाउन सरकारले राज्यको संवैधानिक निकायसमेतको अवैधानिक र अमर्यादित ढङ्गले दुरूपयोग गरिरहेको प्रति हाम्रो थप गम्भीर ध्यानाकर्षण भएको छ। अपराधजन्य कार्यमा निष्पक्ष, स्वतन्त्र, पारदर्शी ढङ्गले छानबिन गर्न लगाई अपराधीलाई अभियोजन गरी देशमा कानुनी व्यवस्था कायम गर्नुपर्ने निकाय स्वयम् अनुसन्धान अवरोध गर्न कार्यमा प्रयोग भएको छ। महान्याधिवक्ताले कतै संलग्न नभएको जुन पत्र दिइयो, त्यो अधिकार कसले दियो? कति जनालाई निवेदन दिएको भरमा clean chit

दिँदै जानुहुन्छ? उहाँ त सरकार प्रमुख प्रधानमन्त्रीको एउटा विश्वासिलो अङ्ग, दाहिने हात भएको हो कि होइन? यसमा प्रधानमन्त्रीसहितको सम्बन्ध छ भन्ने कुरा हामीले बुझ्ने कि नबुझ्ने?

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा पनि जनप्रतिनिधिहरूको थलो हो। यस गरिमामय सभामा जनताका आवाज उठाउन हाम्रो कर्तव्य हुन आउँछ। त्यसकारण जबसम्म नेपाली काँग्रेसले प्रतिनिधिसभामा गरिरहेको संसदीय छानबिन समितिको गठन नहुँदासम्म राष्ट्रिय सभाको कुनै काम कारबाही अगाडि नबढ्ने बेहोरा म अनुरोध गर्दछु। धन्यवाद।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो स्थानमा उभिइरहनुभएको)।

**(१६:२७ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य, तपाईंहरू जो विषय राख्नुभएको छ, त्यसप्रति गम्भीर ध्यानाकर्षण भएको छ। यसलाई सम्बन्धित निकायमा विषयवस्तु पुर्‍याउने म यहाँहरूलाई विश्वास दिलाउन चाहन्छु। र आजको कार्यसूचीमा रहेको जुन बाँकी विषय हो, त्यो नेपालको संविधानमा रहेको व्यवस्था र राष्ट्रिय सभा नियमावलीमा भएको व्यवस्था कार्यान्वयनसँग सम्बन्धित छ। हामीहरू सबै संविधान र कानुनको पालन गर्ने विषयमा प्रतिबद्ध नै छौं। यो कसैले भनिरहनुपर्ने विषय पनि होइन। त्यसमा पनि राष्ट्रिय सभाको गरिमा र विगतको अभ्यासलाई हेर्दा यसले नेपालमा छुट्टै एउटा पहिचान बनाएको कुरा हामी सबै सर्वविदितै छौं। विगतमा पनि सानातिना मुद्दाले राष्ट्रिय सभाका बैठकलाई खासै प्रभाव पार्ने गरेको छैन। यो ६ वर्षदेखि यता निरन्तर हामी त्यसमा छौं। र आपसी समझदारीमा राष्ट्रिय सभाका बैठकहरू सुचारु भएका उदाहरणहरू प्रशस्तै छन्। त्यसैले यो संविधान कार्यान्वयनसँग सम्बन्धित विषय सत्तापक्ष वा सरकारसँग मात्र सम्बन्धित नभई हामी सबैको साझा विषय रहेको छ। अन्य विषयहरूका सन्दर्भमा म आफैं पनि सरकारलाई चाँडो समस्याको निकास निकाल्न अनुरोध पनि गर्दछु। साथै माननीय सदस्यहरूलाई आआफ्नो आसन ग्रहण गरी आजको सदनको कारबाहीलाई अगाडि बढाउन हार्दिक अनुरोध पनि गर्दछु। माननीय सदस्यहरूका जुन विषय हो, राखिसक्नुभएको छ, ध्यानाकर्षण भएको छ। मैले सम्बन्धित ठाउँमा पठाउँछु। त्यसकारण चाहिँ बैठकलाई अगाडि बढाउन म विशेष आग्रह गर्छु र सहयोग गर्न पनि आग्रह गर्छु।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो स्थानमा उभिइरहनुभएको)।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, मैले फेरि पनि आग्रह गरें। यो राष्ट्रिय सभाको गरिमालाई अगाडि बढाउन विगतमा हामीले जसरी हाम्रा सुझबुझहरू, हाम्रा आदर्शहरू भन्नुपर्छ। यो राष्ट्रिय सभाको आदर्शलाई जसरी हामीले प्रदर्शन गर्दै आयौं, त्यो आदर्शलाई कहीँ पनि, थोरै पनि आँच आउने ढङ्गले नजाउँ भन्ने मेरो विशेष आग्रह हो। अझै यसको गरिमालाई अगाडि बढाउनुपर्ने त्यसकारण चाहिँ म फेरि पनि आग्रह गर्छु, माननीय सदस्यहरू आआफ्नो स्थानमा बसेर यो कारबाहीलाई, बैठकलाई अगाडि बढ्न सहजीकरण गरिदिन हार्दिक अनुरोध गर्छु।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो स्थानमा उभिइरहनुभएको)।

माननीय सदस्यहरू, के मन अलि अलि बनाए जस्तो छ? ल न एकपटक चाहिँ अब आजको यो बैठकलाई सुचारु गरौं। यी विषय गम्भीर विषय हुन् भनेर नै बोध भयो राष्ट्रिय सभालाई। अब यो त्यसले गर्दा म फेरि पनि आग्रह गर्छु, बैठक अगाडि बढ्नको निम्ति सहयोग गरिदिनुहुन अनुरोध गर्छु।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो स्थानमा उभिइरहनुभएको)।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल जेठ १ गते मङ्गलबार अपराह्न ५ बजेर ३० मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल जेठ १ गते मङ्गलबार अपराह्न ५ बजेर ३० मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो)।

**स्थगितः १६:३२ बजे।**